# एक दुलहीको चुनाव

धेरै बिरामी मानिसहरु। म तिनीहरु सबैमा एकैचोटि पुग्न सक्दिन। तर, सुन्नुहोस्।

2 आजराति, यहाँ फेरी पनि हुन पाउँदा म साच्चै नै खुसी छु, यो सुन्दर सभाघरमा, यी अद्भूत मानिसहरुको समूहको बीचमा। र हामी भित्र आउदै थियौ, त्यहाँ बाहिर, केहि क्षण अगाडि, बाहिर सडकमा उभिरहेका मानिसहरुले उनीहरु भित्र पस्न नसक्ने बताए। र मैले भने, "ठिक छ, शायद म तपाईहरुको लागि केहि कोठा दिनसक्छु।" र तिनीहरुले उनीहरुलाई तल आउँन दिएनन्। त्यसैले म क्षमाप्रार्थी छु कि हामीसंग उहाँहरुको लागि पर्याप्त कोठा छैन। तिनीहरुले भने कि भुइँतल्ला पनि, भरिएको छ। र त्यसैले हामी त्यसको लागि क्षमाप्रार्थी छौ। तर हामी यहाँ हुन पाउँदा खुसी छौ, र यी सबै राम्रा सेवकहरु, यहाँ व्यापारीहरु, र देशका विभिन्न भागबाट आएका सबै प्रतिनिधिमण्डलहरु देखेर खुसी छौ।

3 आज बिहानको खाजामा बोल्ने ठूलो अवसर पाएको थिए, जुन मेरो लागि पक्कै पनि यस्ता राम्रा मानिसहरुको अगाडि बोल्न पाउनु सम्मानको कुरा हो। म यस विषयमा थिएँ: *भूस गहुँसंग उत्तराधिकारी हुनेछैन।* मैले यो पूरा गरेको थिईन। र यो भाईको—गल्ती थिएन। उहाँले हामीलाई अलिकति बढि बस्न दिनको लागि व्यवस्थापनसम्म पुग्न कोशिष गर्नुभएको थियो, र उहाँले त्यो गर्न दिनुभएन। म साच्चै नै यसको कदर गर्छु, भाई डेमोस। त्यो एकदम, एकदम राम्रो हो। तपाईको दयाको लागि म साच्चै नै तपाईलाई धन्यवाद दिन्छु, तपाईहरु हरेकलाई। तर तिनीहरुले बस हामीलाई यो गर्न दिँदैनन्। त्यसैले हामीले केवल—बन्द गर्नुपर्यो। म त्यो लिनेछु, कुनै समयमा, त्यो पूरा गर्नको लागि: *भूस गहुँसंग उत्तराधिकारी हुनेछैन।* के तपाईले यो बुझ्नुभयो, तपाईहरु जो यहाँ हुनुहुन्थ्यो? म आशा गर्छु कि यो बुझ्नको लागि त्यहाँ काफी थियो।

4 अब, मलाई थाहा छ, आजराति, त्यहाँ एउटा प्यानल, पनि छ, त्यसैले म तपाईलाई थाहा धेरै बेर राख्न चाहन्न ताकी तपाईले त्यो नछुट्टाएको होस्। किनभने, म मान्छु कि त्यो साच्चै नै पेन्टिकोष्टल–विश्वास गर्ने—मानिसहरुको लागि धन नै हो, त्यो प्यानल जुन हामीले अर्को राता देखेका

थियौं। यति राम्रा पुरुषहरुका समूह, यति अद्भूत उत्तरहरु, सिधा जवाफ। त्यो देख्दा, यसले मलाई साच्चै नै राम्रो महसूस गरायो। म विश्वास गर्छु कि प्रभुले यसलाई आशिष दिनुहुनेछ, आजराति। र जो कोहिले यसलाई हेर्छ, तिनीहरुले विश्वास गर्न सकेका होऊन्। त्यो मेरो इमानदार प्रार्थना रहनेछ।

5 र यति धेरै विवरणहरु आईरहेका छन्, आज, मेलबाट र कलहरुबाट, कि धेरैजना यस सभामा निको भएका छन् भनि। म त्यसबाट यति खुसी भए। त्यो, त्यो, मानिसहरुलाई बिमार हेर्नु, त्यो एक किसिमले मेरो सेवकाई हो।

6 म—म यहाँ प्रचार गर्नको लागि उठ्छु। म, तपाईलाई थाहा छ, म एउटा प्रचारक होइन। तर म, यो संगै, मेरो केन्टकी व्याकरणसंगै, "उसको, छैन" र—र सबै ती शब्दहरु, त्यसैले म—म आफूलाई त्यो भन्न सक्दिन जसलाई हामीले आजका एउटा आधुनिक प्रचारक बोलाउछौ। म—म त्यो स्थान लिन सक्दिन, किनभने म—मसंग शिक्षा छैन।

7 तर मलाई यसको बारेमा के थाहा छ त्यो अरुलाई, व्यक्त गर्न मन पराउछु, वा मलाई यसको बारेमा के थाहा छ त्यो के सोच्छु, अरुलाई, मैले यो कसरी जाने, उहाँ मेरोलागि कस्तो हुनुहुन्छ। उहाँ मेरो पूरा जीवन हो, मैले कहिल्यै आशा गर्नसक्ने सबै हुनुहुन्छ, र मैले कहिल्यै सोच्न सकेको भन्दा बढि हुनुहुन्छ, कि मसंग कुनै एउटा मित्र हुनसक्दछ, पृथ्वीमा, गाह्रोसंग, जब म एउटा सानो केटा थिए। तर म साच्चै नै धन्यवादि छु आज महान साथीहरुका लागि।

8 म...[एउटा भाईले भन्नुहुन्छ, "त्यहाँ पछाडि सुन्नलाई थोरै समस्या भएको छ, भाई ब्रन्हाम। नजिक आउनुहोस्।"—सम्पा।] ओ, म क्षमा चाहन्छु। म—म एक किसिमले यहाँ केन्द्रित हुन भुले, कहिँ, उहाँले भन्नुभयो।

9 अब, सिधै सेवामा जानको लागि, आउनुहोस् धर्मशास्त्र पढ्नको लागि पल्टाऔं। म—मलाई सधै बाईबल पढ्न मन पर्छ, किनभने यो परमेश्वरको वचन हो। म त्यो विश्वास गर्छु। र म यो परमेश्वरको अचुक वचन हो भनि विश्वास गर्दछु। र अब मसंग यहाँ केहि पढहरु लेखिएर राखेको छ, र केहि नोटहरु जुन म उल्लेख गर्न चाहन्छु, केहि क्षणको लागि, हुनसक्छ पैतालिस मिनेट जत्तिको लागि।

10 र त्यसपछि हामी यस अद्भूत प्यानललाई फेरी आजराति हेर्नको लागि समय मै जानेछौ। र म भरोसा राख्छु कि परमेश्वरले तपाईलाई तिह्क

त्यसद्वारा निरन्तर आशिष दिनुहुनेछ। र मलाई थाहा छ तपाईले के गर्नुपर्छ। र म ट्युक्सनसम्म गाडिमा जान पर्नेछ, यद्धपि, आजराति, हेर्नुहोस्, त्यसैले तपाईले कल्पना गर्न सक्नुहुनेछ। त्यो दस घण्टाको यात्रा हो।

11 र त्यसपछि म विदेशको निम्ति निस्कनेछु, र मैले सरकारी परिक्षणको लागि बिहान एउटा पहिलो ज्वरोको खोप लिनको लागि जानुपर्नेछ। त्यसैले म—म त्यहाँ पुग्नुपर्नेछ। मेरो स्थगन थियो, अर्को दिन, र तिनीहरुले अब फेरी कुनै “हुँदैन” जवाफ लिनेवाला छैनन्। र मैले थप एउटा टिटानस र टाईफसको लिन पर्नेछ, र मेरो बूस्टरहरु।

12 त्यसैले, म, यस अवसरको निम्ति अत्यन्त धन्यवादि छु, र—र यो राम्रो सभाको लागि जुन हामीसंग अधिवेशन भन्दा पहिले छ। यसले साच्चै नै मेरो हृदयलाई रोमान्चित गर्यो। तपाई राम्रा मानिसहरुको समूह हुनुहुन्छ। म भरोसा गर्छु कि परमेश्वरले तपाईलाई आशिष दिनुहुनेछ।

13 जब सबैभन्दा महान घडि…त्यो महान राक्षस जो यताउता बसेको छ, जसले आफैलाई अलास्कामा पल्टायो, केहि दिन पहिले, आफ्नो पुच्छर फेरी पनि यस बिहानमा फालेको छ, लगभग, तल वाशिङ्गटनको वरिपरी सम्म। शक्तिशाली सजिलोसंग, त्यो यो बाटो तर्फ अघि बढ्न सक्छ। र यदि पवित्र आत्माले मलाई निश्चित रुपमा कहिल्यै बताउनुभयो भने…

14 कसैले जवाफ दिएका थिए…मलाई त्यो सोध्दै, “के यो यहाँ हुन गईरहेको छ, भाई ब्रन्हाम?” होइन, मलाई त्यो थाहा छैन। बस मलाई थाहा छैन, मलाई थाहा नहुन्जेल। त्यो सत्य हो।

15 म सधै तपाईसंग इमानदार हुन चाहन्छु। म केवल पूर्वानुमान, कुनै विचारहरु लिन, वा केहि, म के विश्वास गर्छु, वा केहि त्यस्तै कुरा गर्न गईरहेको छैन, जब म तपाईलाई भन्छुम यो हुन गईरहेको छ। ठिक छ, उहाँले मलाई पहिले भन्नुहुन्छ, पहिलो, र त्यसपछि म तपाईलाई भन्नेछु। म—मलाई थाहा छ कि पूरा संसार नै काँपिरहेको अवस्थामा छ। हामीहरु अन्तिम समयमा छौ। तर एउटा कुरा म बन्ने प्रयास गरेको छु…

16 यस बिहान भाई शकारियनले भन्दै हुनुहुन्थ्यो, कसरी उहाँ प्रार्थनाको पंक्तिहरुद्वारा जाने गर्नुहुन्थ्यो, र तल जानुहुन्थ्यो र मानिसहरु माथि आउनु अघि ती कार्डहरु लिनुहुन्थ्यो, र त्यसमा हेर्नुहुन्थ्यो, र हेर्नुहुन्थ्यो कतै—कतै मैले उनीहरुले त्यहाँ के लेखेका थिए भनि बताएकि भनेर। तिनीहरुले आफ्नो प्रार्थना कार्डहरुमा सबै प्रकारका कुराहरु लेख्छन्, तपाईलाई थाहा

छ, र उहाँले केवल यो ठिक छ कि भनेर हेर्न चाहनुहुन्थ्यो। उहाँले भन्नुभयो, उहाँले जाँच गरेका सयौ मध्ये, त्यहाँ एउटा पनि गलत भएको छैन। त्यहाँ कहिल्यै पनि एउटा गलत हुनेछैन, हेर्नुहोस्, किनभने, जब—सम्म त्यो परमेश्वर नै हुनुहुन्छ। यदि मैले आफैलाई यसमा कहिल्यै प्रस्तुत गरे भने, त्यो शुरू गर्नको लागि शुरूमै गलत हुन्छ।

17 एउटा सानी केटि जसको पिता यहाँ बसिरहनुभएको छ, अहिले मलाई सुनिरहनुभएको छ, मकहाँ आउनुभयो, धेरै समय भएको छैन। उनले एउटा सपना देखेकी थिईन्। उनले भनिन्, "भाई ब्रन्हाम, यो सपनाको अर्थ के हो?"

18 मैले भने, "मलाई थाहा छैन, बहिनी। मैले यो पत्तो लगाउनुपर्छ, यदि प्रभुले मलाई बताउनुहुन्छ भने।" त्यसैले म गएँ र प्रभुलाई सोध्ने कोशिष गरे, र उहाँले मलाई कहिल्यै पनि भन्नुभएन।

19 सानी केटि फेरी फर्केर आईन्। उनले भनिन्, "ठिक छ, अब मेरो सपनाको व्याख्या कहाँ छ?"

20 मैले भने, "यहाँ आऊ, प्रिय, तल बस।" मैले भने, "तपाईको बुवा र आमा मेरो एकदम असल मित्रहरु हुन्। बुझ्नुभयो? र उहाँहरु क्यानाडाबाट आएका छन्, सेवानिवृत्त, र यहाँ मसंग अस्थायी रूपमा बसेका छन्। तिनीहरुले यो विश्वास गर्छन्, जे म बताउन कोशिष गरिरहेको छु। र मैले गलत मेरो जीवनमा, कहिल्यै पनि कसैलाई, जानाजान, गलत भनेको छैन। यदि म...मलाई लाग्छ कि मलाई सपनाको अर्थ थाहा छ। तर जबसम्म त्यो सपना म आफैले देख्दिन, र त्यसपछि यसको अर्थ के हो उहाँले बताउनुहुन्न, म तिमीलाई भन्न सक्दिन। हेर्नुहोस्, यदि म केवल बनावटी कुरा गर्छु भने, त्यहाँ एउटा समय हुनसक्छ जब तपाईलाई जीवन र मृत्युको बीचमा मेरो आवश्यक पर्नसक्छ, र तब मलाई विश्वास गर्ने कि नगर्ने तपाईलाई थाहा हुँदैन।"

21 यदि मैले तपाईलाई प्रभुको नाममा केहि भनें भने, यो साच्चै नै त्यो हो। त्यो मलाई कसले भन्यो। र अहिलेसम्म, यी वर्षभरी, संसारै भरी, र संसारभरी, यो कहिल्यै एकचोटी पनि गलत भएको छैन। किनभने...र, अब, तपाईलाई थाहा छ कि मानव जाति त्यति अचूक हुनसक्दैन। त्यो गर्नको लागि परमेश्वरको आत्मा चाहिन्छ।

22 र अब मसंग एउटा संदेश छ जसको म जिम्मेवार छु। र धेरै पटक मलाई मानिसहरुको बीचमा, ठानिएको छ, ठिक छ, शायद जो केवल बसेर एक मिनेट सोचेनन्, कि म एउटा—एउटा, ओ, दयानीय व्यक्ति हुँ, कि मैले मानिसहरुलाई मन पराउदिन, र म तिनीहरुलाई सधै काटिरहन्छु। र त्यो त्यस्तो होइन। त्यो त्यस्तो होइन। म मानिसहरुलाई प्रेम गर्छु। तर, तपाईलाई थाहा छ, प्रेम सुधारात्मक हुन्छ।

23 यदि तपाईको सानो केटा बाहिर त्यहाँ सडकमा बसिरहन्छ, र तपाईले भन्नुभयो, "सानो, प्रिय, म तिमीलाई त्यहाँ बाहिर बसेको चाहन्न, तर..." र उसको छेउबाट कारहरु गईरहेको, र तपाईले उसलाई भित्र ल्याउनुभयो। ऊ फेरी बाहिर भाग्छ। किन, तपाईले उसलाई सच्याउनुपर्छ। यदि तपाईले उसलाई प्रेम गर्नुहुन्छ भने, तपाईले सच्याउनुहुन्छ। तपाईले गर्नुपर्छ।

24 यदि तपाईले एउटा मानिस तल नदीमा, झरनातर्फ, एउटा सानो डुंगामा तैरिरहेको देख्नुभएको छ, त्यो झरनालाई भेटेपछि त्यो डुंगा डुब्छ भन्ने तपाईलाई थाहा छ, के तपाई भन्नुहुन्छ, "जोन, तिमी, शायद तिमीले एकछिनको लागि सोच्न पर्छ, शायद तिमीले यो गर्न सक्दैनौ होला"? यदि मलाई थाहा छ कि उसले त्यो गर्न सक्दैन, म उसलाई लगभग डुंगाबाट हल्लाएर बाहिर निकाल्नेवाला छु, यदि मैले सक्छु भने, किनभने यो प्रेम हो जसले त्यो गर्छ।

25 र अब, यी सन्देशहरु जुन म बोल्छु, म कहिल्यै पनि कुनै सिद्धान्त, वा त्यस्तै अन्य कुराहरु ल्याउन खोज्दिन। म—म त्यो मेरो आफ्नै मण्डलीमा गर्छु। तर बाहिर यहाँ पुरुष र महिलाहरुको बीचमा जो भिन्न संगठित मण्डलीहरु र भिन्न विचारधाराहरुमा हुनुहुन्छ, म केवल हल्का रुपमा, व्याख्या गर्ने कोशिष गर्दछु; तर काफी रूपमा जहाँ तपाई यदि परमेश्वरको आत्माद्वारा जन्मनुभएको छ, म विश्वास गर्छु कि म के भन्न खोजिरहेको छु सो तपाईले बुझ्नुहुन्छ, इसाई पुरुषहरु माझ, मेथोडिष्ट, ब्याप्टिष्ट, प्रेस्बिटेरियन, अरु अधिक।

26 अब, आज राति, म उत्पत्ति २४ औ अध्यायमा, पल्टाउन चाहन्छु। म पढ्न चाहन्छु...उत्पत्तिको २४ औ अध्यायको १२ आउ पदबाट शुरू गरेर।

*र उसले भन्यो, ओ परमप्रभु परमेश्वर...तपाईं मेरा मालिक अब्राहामको परमेश्वर हुनुहुन्छ, आज उनको छोरोको निम्ति,*

*मलाई एउटी दुलही हासिल गराई दिनु होस्, कृपा गरी मेरा मालिक अब्राहामको निम्ति यति गरिदिनु होस्।*

*म यहाँ पानीको कूवाको छेउमा बस्छु; अनि पानी लिनको निम्ति कन्याहरू शहरबाट आइरहेका छन्:*

*र यो पूरा हुन आओस्, कि एउटी कन्या जसलाई मैले भन्न सकूँ, गाग्रो तल राख्न, म तपाईलाई प्रार्थना गर्छु, कि म पिउन सकूँ; र उनले मलाई भन्नेछिन्, पिउनुहोस्, र म तपाईको ऊटलाई पनि पिउनलाई पानी दिनेछु: तब मलाई यो पक्का हुन्छ त्यो कन्या इसहाकको निम्ति योग्य छे;* अनि म *पनि यो सम्झनेछु तपाईंले... मेरा मालिक अब्राहामको निम्ति दया गर्नु भयो।*

27 र त्यसपछि प्रकाशको पुस्तकमा। त्यो बाईबलको पहिलो हो, उत्पत्ति। अब, बाईबलको अन्तिममा, म प्रकाशको २१ औं अध्यायको, ९ औ पढ पढ्न चाहन्छु।

28 हामीलाई थाहा छ कि उत्पत्तिको यो धर्मशास्त्रले के यहाँ...यदि तपाई चाहनुहुन्त भने, तपाईले पूरा अध्याय पढ्नुहोस्। यो परमेश्वरले एलिएजरलाई बाहिर पठाउदै हुनुहुन्छ। वा, अब्राहामले एलिएजरलाई बाहिर पठाउदै छन्, मलाई माफ गर्नुहोस्, इसहाकको एउटा दुलही चुनाव गर्नको लागि। अनि सुन्दर रेबिका बाहिर आईन्, अनि अब्राहामका नोकर, एलिएजरले गरेको प्रार्थनाको पूर्ण उत्तरको रूपमा, जुन—जुन उनले भर्खरै गरेका थिए।

अब प्रकाशको २१औं अध्यायको ९ औ पदमा।

*सात स्वर्गदूतहरु मध्ये एकजना दूत मेरोमा आए, जसकोमा अन्तिम आखिरी कष्टहरुले भरिएका सात कचौराहरु थिए, ती स्वर्गदूतले मलाई भने, मसित आऊ, र तिमीहरुलाई परमेश्वरको थुमाको दुलही देखाँउछु जो परमेश्वरको थुमाकी पत्नी हो।*

29 अब म एउटा विषयको रूपमा लिन चाहन्छु, आजराति, त्यसको लागि: *एक दुलहीको चुनाव।* र यो, यदि मेरो भाईले यहाँ रेकर्ड गर्नुहुन्छ भने, यो त्यो टेप हो जुन तपाईले अगाडि लगेर बाहिर वितरण गर्नसक्नुहुन्छ।

30 र अब, यसमा, यसको अर्थ यो होइन कि म यो यहाँ उपस्थित मण्डलीलाई बोलिरहेको छु, तर यी टेपहरु सारा संसारभरी जान्छन्।

तिनीहरु, ओ, व्यवहारिक रूपमा, कठिन भाषाहरुमा, अनुवादित छन्, यहाँसम्म कि संसारभरी मूर्तिपूजक देशहरुमा समेत छन्। हामीले ती टेपहरु, निशुल्क, मण्डलीको एउटा समाजमा पठाउछौ। र तिनीहरु अनुवादित छन्। र ती सबै अफ्रिकाको जङ्गलहरु, र भारतमा, र संसारभरी, यी टेपहरु जान्छन्।

अब, एउटा दुलहीको चुनाव!

31 जीवनको धेरै कुराहरुमा हामीलाई एउटा रोजाई दिईएको छ। जीवनको बाटो, आफैमा, एउटा रोजाई छ। हामीले हाम्रो आफ्नै बाटो बनाउने, हामी जिउन चाहे अनुसारको आफ्नै बाटो रोज्ने एउटा हक छ।

32 शिक्षा एउटा रोजाई हो। हामीले रोज्न सक्छौ कतै हामी शिक्षित हुन जानेवाला छौ, वा हामी शिक्षित हुने छैनौ। त्यो हामीसंग भएको एउटा चुनाव हो।

33 सहि वा गलत एउटा चुनाव हो। हरेक पुरुष, हरेक महिला, केटा र केटिले, छान्नुपर्छ चाहे तिनीहरु सहि जिउने वा सहि नजिउन कोशिष गर्ने भनेर। यो एउटा चुनाव हो।

चुनाव एउटा महान कुरा हो।

34 तपाईको अनन्त गन्तव्य एक छनौट हो। र शायद, आजराति, तपाईहरु मध्ये केहिले त्यो—त्यो चुनाव गर्नुहुनेछ, तपाईको अनन्तकाल कहाँ बिताउने भनेर, आजराति यो सेवा सक्किनुभन्दा पहिले। त्यहाँ एउटा समय हुनेछ, कि, यदि तपाईले परमेश्वरलाई धेरै पटक अस्वीकार गर्नुभयो भने, त्यहाँ एउटा समय हुनेछ जहाँ तपाईले उहाँलाई अन्तिम पटक अस्वीकार गर्नुहुनेछ। त्यहाँ दया र न्यायको बीचमा एउटा रेखा छ। र यो एउटा पुरुष र महिला, केटा वा केटिको लागि एउटा खतरनाक कुरा हो त्यो रेखापारी टेक्नको लागि, किनकि तपाईले त्यो समय सीमा पार गर्नुभएपछि फर्किन मिल्दैन। त्यसैले आजराति, शायद यो समय हुनसक्दछ कि तिनीहरुले अन्त्यहिन अनन्तकाल कहाँ बिताउनेछन् भनि, आफ्नो—आफ्नो निर्णय बनाउनेछन्।

35 त्यहाँ अर्को चुनाव छ जुन हामीसंग जीवनमा छ, त्यो, जीवनको एउटा साथी। एउटा जवान युवा वा युवती, जीवनमा कदम राख्दै, एउटा—चुनाव बनाउनको लागि एउटा हक दिईएको छ। जवान युवाले चुन्छ। युवतीलाई यो

स्वीकार गर्ने वा इन्कार गर्ने एउटा हक छ। तर यो अझै पनि एउटा रोजाई हो, दुवैतर्फि। दुवै पुरुष र महिला, तिनीहरुसंग छनौट गर्ने एउटा हक छ।

त्यसरी नै, एउटा इसाईको रूपमा, तपाईसंग एउटा रोजाई छ।

36 तपाईसंग मण्डलीको एउटा चुनाव छ, यहाँ अमेरिकामा, जहाँसम्म, कि तपाई जान सक्नुहुन्छ। त्यो तपाईको आफ्नै अमेरिकी विशेषाधिकार हो, कि तपाई कुनै पनि मण्डली चुनाव गर्न सक्नुहुन्छ जहाँको तपाई हुन चाहनुहुन्छ। त्यो एउटा चुनाव हो। तपाई ती मध्ये कुनैमा जानुपर्दैन, यदि तपाई जान चाहनुहुन्न भने। तर यदि तपाई मेथोडिष्टबाट ब्याप्टिष्टमा परिवर्तन गर्न चाहनुहुन्छ, वा क्याथोलिकबाट एउटा प्रोटेस्टेन्टमा, वा अन्य त्यस्तैमा, त्यहाँ कसैले तपाईलाई बताउन वा तपाईलाई कुनै निश्चित मण्डलीमा आउन लगाउन सक्दैन। त्यो हाम्रो—त्यो हाम्रो स्वतन्त्रता हो। त्यो नै हाम्रो लोकतन्त्र हो। प्रत्येक मानिसले आफ्नो लागि चुन्न सक्छन्। धार्मिक स्वतन्त्रता, र त्यो एउटा—एउटा महान कुरा हो। यसलाई निरन्तर बनाईराख्न परमेश्वरले हामीलाई सहायता गर्नुभएको होस्।

37 तपाईसंग पनि एउटा विकल्प छ। चाहे...जब तपाईले यो मण्डली रोज्नुहुन्छ, तपाईले चुनाव गर्न सक्नुहुन्छ कतै तपाई, यस मण्डलीमा, चाहे तपाई एउटा मण्डली चुन्न सक्नुहुन्छ जसले तपाईलाई तपाईको अनन्त गन्तव्यमा डोहोर्याउदछ। तपाईले एउटा मण्डली चुनाव गर्न सक्नुहुन्छ जसको एउटा निश्चित सिद्धान्त छ, जुन तपाईले सोच्न सक्नुहुन्छ कि यो त्यो सिद्धान्त नै हो जुन तपाईले चाहनुहुन्छ। वा, अर्को मण्डलीसंग तिनीहरुको सिद्धान्त छ।

38 र त्यसपछि त्यहाँ परमेश्वरको वचन छ, जसको लागि तपाईसंग चुनाव छ। तपाईले आफ्नो चुनाव गर्नुपर्दछ।

त्यहाँ हामीहरुले छान्नको लागि, हामीहरुको बीचमा नलेखिएको कानून छ।

39 म विश्वास गर्छु कि यो एलिया थियो, एक पटक, कार्मेलको डाँडामा, प्रदर्शन पछि, त्यो संकटको ठूलो घडीमा जुन हामीले अहिले आउन लागि रहेका छौं। र शायद, यो तपाई वा मलाई हुनसक्छ, आज राति, कि कार्मेलको डाँडाको अनुभव जस्तै, हामीले यो चुनाव गर्छौं। साच्चै, मलाई लाग्छ यो भईरहेको छ, संसारभरि, अहिले। तर त्यहाँ चाडै नै समय हुनेछ जहाँ तपाईले एउटा चुनाव गर्नुपर्ने हुनेछ।

40 र यहाँ भएका तपाई मानिसहरु, तपाईको संगठित मण्डलीहरुका, केवल यो विश्वास गर्नुहोस्, कि समय ठिक अहिले तपाईमा छ, जब तपाई एउटा चुनाव गर्न जाँदै हुनुहुन्छ। तपाई या त विश्व परिषदमा जान लाग्दै हुनुहुन्छ, या त तपाई अब कुनै संगठित मण्डली बन्नुहुनेछैन। तपाईले त्यो गर्न जाँदै हुनुहुन्छ, र त्यो चुनाव चाँडै नै आउँदै छ।

41 र त्यो अन्तिम घडीसम्म कुर्नु पनि, एउटा खतरनाक कुरा हो, किनभने तपाईले त्यस्तो चिज लिन सक्नुहुन्छ जुन तपाईले त्यसबाट कहिल्यै हल्लाउन सक्नुहुन्न। तपाईलाई थाहा छ, त्यहाँ एउटा समय छ जब तपाईलाई चेतवानी दिन सकिन्छ, तब, यदि तपाईले त्यो चेतवानीको रेखाबाट पार कदम राख्नुभयो भने, तब तपाई पहिले नै अर्को तर्फी भनेर चिन्हित हुनुहुन्छ, छाप लगाईएको।

42 याद राख्नुहोस्, जब जयन्ती वर्ष आउँछ, र—पूजाहारी तुरहीको आवाज बजाउदै सवारी गरे, ताकी सबै दासहरु स्वन्तन्त्र हुन सकून्। तर यदि तिनीहरुले आफ्नो स्वतन्त्रता स्वीकार गर्न इन्कार गर्छन् भने, तब उसलाई मन्दिरमा लगिनुपर्थ्यो, एउटा चौकीमा, र उसको कानलाई छेडिदिन्थ्यो, र त्यसपछि उसले आफ्नो मालिकलाई सधैलाई सेवा गर्थ्यो। यो एक प्रकारको सुनुवाईको रूपमा, उसको कानमा राखिन्थ्यो। “सुनुवाईद्वारा विश्वास आउँदछ।” उसले त्यो तुरही सुन्यो, तर उसले त्यो सुन्न चाहँदैन थियो।

43 र धेरै पटक, पुरुष र महिलाहरुले परमेश्वरको सत्यता सुन्दछन्, र यसलाई साबित र प्रमाणित गरेको देख्छन्, सत्यता, तर अझै पनि तिनीहरु यसलाई सुन्न चाहँदैनन्। त्यहाँ केहि अन्य कारण छ। सत्य र तथ्यहरुको सामना गर्नुभन्दा तिनीहरुसंग अरू केहि छनौटहरु छन्, त्यसैकारणले तिनीहरुका कानहरु सुसमाचारको निम्ति बन्द हुन सक्छ। तिनीहरुले यो फेरी कहिल्यै सुन्नेछैनन्। तपाईलाई मेरो सुझाव, जब परमेश्वरले तपाईको हृदयसंग बोल्नुहुन्छ, तपाई ठिक त्यहि बेलामा काम गर्नुहोस्।

44 एलियाले तिनीहरुलाई एउटा छनौट दिए, जुन तिनीहरुले गर्नुपर्थ्यो: “यो दिन तिमीहरुले कसलाई सेवा गर्नेछौ सो छान। यदि परमेश्वर परमेश्वर हुनुहुन्छ भने, उहाँको सेवा गर। तर यदि बाल परमेश्वर हो भने, उसको सेवा गर।”

45 अब, जस्तो तपाईले देख्नुहुन्छ कि सबै प्राकृतिक कुराहरु आत्मिक कुराहरुको एउटा चित्रण हो, जस्तो हामी आज बिहान हाम्रो पाठबाट भएर गयौ, जस्तो सूर्य र उसको प्रकृति। त्यो मेरो पहिलो बाईबल थियो। मैले बाईबलमा एउटा पाना पढ्नुभन्दा पहिले, मैले परमेश्वरलाई चिनेको थिएँ। किनभने, बाईबल जताततै प्रकृतिमा लेखिएको छ, र यो विल्कुल परमेश्वरको वचनसंग मेल खान्छ: कसरी मृत्यु, दफन, प्रकृतिको पुनरुत्थान हुन्छ; र सूर्य उदाउदै, पार गर्दै, अस्ताउदै, मर्दै, फेरी उदाउछ। त्यहाँ कति धेरै कुराहरु छन् जुन हामीले चित्रण गर्न सक्छौ, परमेश्वर प्रकृतिमा, कि हामीले यस सन्देशको लागि, उपेक्षा गर्नुपर्दछ।

46 अब, यदि आत्मिक, वा, प्राकृतिक आत्मिकको एउटा चित्रण हो भने, तब, एउटा दुलहीको चुनाव, प्राकृतिकमा, आत्मिक, दुलहीको, एउटा दुलहीको चुनावको एउटा चित्र हो।

47 अब, यो एउटा गम्भीर कुरा हो जब हामी एउटा श्रीमती, एउटा श्रीमान चुन्न जान्छौ, किनकि यहाँको वाचा, "मृत्युले नछुटाएसम्म" हो। त्यसरी हामीले यसलाई राख्न पर्छ। र तपाईले परमेश्वरको अगाडि बाचा राख्नुहुन्छ, कि केवल मृत्युले मात्रै अलग गर्नेछ भनेर। र मलाई लाग्छ हामीले...सहि सोचमा भएको पुरुष, जसले एउटा भविष्यको योजना गरिरहेको छ, कि उसले त्यो पत्नी एकदमै सावधानी पूर्वक चुन्न पर्छ। तपाई के गर्दै हुनुहुन्छ त्यसमा सावधान रहनुहोस्। र एउटा स्त्रीले एउटा पति चुन्दा, वा एउटा पतिको छनौटलाई स्वकार गर्दा, उनले के गर्दैछिन् त्यसमा साच्चै नै सचेत हुनुपर्छ, र विशेष गरी यी दिनहरुमा। एउटा मानिसले एउटा पत्नी चयन गर्न भन्दा अगाडि विचार र प्रार्थना गर्नुपर्दछ।

48 मलाई लाग्छ, के भयो...कति धेरै सम्बन्ध विच्छेदका मामिलाहरु अहिले, कि हामीले अमेरिकामा संसारकै नेतृत्व गर्छौं, सम्बन्ध विच्छेदको मामिलामा। हामीले बाकि रहेका संसार जित्छौ। त्यहाँ अरु कतै भन्दा धेरै सम्बन्ध विच्छेदहरु छन्, यस राष्ट्रमा, र मानिन्छ, र विचार गरिन्छ, एउटा इसाई राष्ट्र हो भनि। कस्तो अपमान, हाम्रा सम्बन्ध विच्छेदका अदालतहरु! मलाई लाग्छ, यसको कारण यो हो कि, पुरुषहरु परमेश्वरबाट टाढा गएका छन्, र महिलाहरु परमेश्वरबाट टाढा गएका छन्।

49 र हामीले पाउँछौ, कि, यदि एउटा पुरुष र एउटा महिलाले यस विषयमा प्रार्थना गरे भने; केवल ती राम्रा आँखाहरु मात्रै नहेरेर, वा ठूला बलिया

काँधहरु, वा त्यस्तै कुराहरु, वा केहि अरू संसारिक स्नेहहरु नहेरेर; तर पहिले परमेश्वरलाई हेर्छ, र भन्छ, “परमेश्वर, के यो तपाईको योजना हो?”

50 मलाई लाग्छ, आज, त्यहाँ यति धेरै धोखाधाडी छन्, ठिक विद्यालयमा जस्तै। जब—जब बच्चा आउँछ, बिहानको, छिमेकमा धेरै बच्चाहरु, जो—जो मेरा मित्रहरु छन्, आउँछन् र भन्छ, “भाई ब्रन्हाम, के तपाई हाम्रो लागि प्रार्थना गरिदिनुहुन्छ? हाम्रो आज एउटा—एउटा जाँच हुँदैछ। म—मैले रातभरि काम गरेको छु, र मलाई लाग्दैन कि मैले यो—यो मिलाउन सक्छु। मेरो लागि प्रार्थना गरिदिनुहोस्।” म सोच्छु कि कुनै पनि विद्यालय जाने बच्चा, यदि तपाईले, यदि...र बिहानको टेबलमा आमाबुबाले, तपाईले भन्न सक्नुहुन्छ, “आमा, जोनको आज जाँच छ। उसको लागि अहिले प्रार्थना गरिदिऔ।” मलाई लाग्छ यसले तपाईले कुनै अन्य तरिकामा गर्नसक्ने सबैलाई नै जितिदिन्छ, वा कसैको कागजमा हेरेर चोर्नुभन्दा राम्रो हुन्छ, मलाई लाग्छ, यदि तपाई केवल बाहिर आएर यस बिषयको लागि प्रार्थना गर्नुहुन्छ भने।

51 र यदि हामीले विवाह गर्न जाँदा हामीले के गर्दैछौ भनेर अध्ययन गर्यौ भने, जब हामीले हाम्रो पत्नी, हाम्रो पतिलाई चुन्छौ, यदि हामीले त्यसको बारेमा अध्ययन गर्छौ भने! एउटा पुरुषले दृढता पूर्वक प्रार्थना गर्नुपर्छ, किनकि उसले उसको पूरा जीवन बर्बाद गर्न सक्छ। याद राख्नुहोस्, बाचा “मृत्युले अलग नगरेसम्म,” हो र उसले गलत चुनावले आफ्नो जिन्दगी बर्बाद गर्न सक्दछ। तर यदि उसलाई तल छ भने, उसले गलत चुवान गर्दैछ भनि र उसको लागि योग्य नहुने एउटा केटिलाई बिहे गर्दैछ भने, र उसले जसरी नि त्यो गरेरै छोड्छ भने, त्यसो हो भने त्यो उसको गल्ती हो। यदि केटिले एउटा पति लिन्छ र तपाईको लागि ऊ एउटा पति हुनको लागि योग्य छैन भनि जान्दछिन्, तब त्यो तपाईको गल्ती हो, तपाईले के सहि र के गलत भनि थाहा पाईसकेपछि। त्यसैले, तपाईले तबसम्म गर्नुहुँदैन जबसम्म तपाईले राम्ररी प्रार्थना गर्नुहुदैन।

52 एउटा मण्डलीको चुनावमा पनि यहि कुरा लागू हुन्छ। अब, तपाईले मण्डलीको लागि प्रार्थना गर्नुपर्दछ जसमा तपाईले संगति गर्दैहुनुहुन्छ। याद गर्नुहोस्, मण्डलीले एउटा आत्मा बोक्दछ।

53 अब, म आलोचनात्मक हुन चाहन्न। तर म बुझ्छु कि म एउटा बूढो मानिस हुँ, र मैले यहाँबाट छुट्नुपर्छ, यी मध्ये कुनै एक दिन। र मैले आज

राति वा अन्य कुनै पनि समयमा के भने त्यसको जवाफ न्यायको दिनमा दिनुपर्नेछ। र म, त्यसैकारणले, म गम्भीर र साच्चै नै दृढ हुनुपर्दछ।

54 तर, तपाई एउटा मण्डलीमा जानुहुन्छ, र यदि तपाईले मण्डलीको व्यवहारलाई हेर्नुहुन्छ, तपाईले केवल केहि बेरको लागि पाष्टरलाई हेर्नुहोस्, र तपाईले प्रायः पाउनुहुन्छ कि मण्डलीले पाष्टरले झैँ व्यवहार गर्दछ। कुनै बेला, मलाई आश्चर्य लाग्छ कि यदि हामीले पवित्र आत्माको साट्टोमा एकअर्काको आत्मा प्राप्त गर्दैनौ भने। तपाई एक ठाउँमा पुग्नुहुन्छ जहाँ पाष्टर वास्तव मै कट्टरपन्थी हुन्छ र जारी रहन्छ, तपाईले पाउनुहुन्छ कि मण्डली पनि उस्तै हुन्छ। म तपाईलाई एउटा मण्डलीमा ल्याउनेछु जहाँ मैले देख्छु कि पाष्टर उठ्छ, तिनीहरुको टाउको पछाडि र अगाडि हल्लाउछन्। तपाईले मण्डलीलाई हेर्नुहोस्, तिनीहरुले पनि उस्तै नै गर्छन्। तपाईले एउटा पाष्टरलाई लिनुहोस्, केवल केहि पनि कुरा घटाउनुहोस्, प्रायः मण्डलीले उस्तै नै गर्नेछ। त्यसैले, यदि मैले एउटा मण्डली चुन्दैछु भने, म एउटा वास्तविक, आधारभूत, पूर्ण सुसमाचारको, बाईबल मण्डली चुन्नेछु, यदि मैले मेरो परिवारलाई राख्नको लागि चुन्दैछु भने। चुनाव। मैले हेरे...

55 केटाहरु, अर्को दिन, भाई शकारियनको छोरा र उनको ज्वाइँ, एकजना जवान साथीलाई, एउटा गायक, सुन्दर केटोलाई प्रार्थना गर्नको लागि माथी लिएर गएका थिए। भर्खरै फर्किएका थियौ...फ्रेड बार्कर, त्यो उसको नाम थियो, एउटा यात्राबाट भर्खरै फर्केर आएका थिए। र तिनीहरुले मलाई बोलाए, कि, "फ्रेड मर्दैछ" भनेर। र त्यसपछि, म घर भित्र पस्न अघि, अर्को सन्देश आयो, "ऊ अहिले मरेको हुनसक्छ।" र उसले भन्यो उसंग एउटा—एउटा दिमागमा रक्तस्राव हुनसक्छ, र उसलाई पक्षघात भएको थियो, र—र ऊ मर्दै थियो, र उनको पत्नीले मैले उनको लागि प्रार्थना गरिदियोस चाहन्थिन्।

56 र मैले सोचे, "ओ, यदि म उड्ने प्रायस गरे भने, म त्यहाँ पुग्नु भन्दा पहिले ऊ मर्नेछ, र शायद अहिले सम्म मरेको हुनसक्छ।" त्यसैले, मैले तुरुन्तै कल गरे र सानी महिलालाई फोनमा कुरा गरे। र—र हामीले फोनलाई, फ्रेडको कानमा राखिदियौ। उसले निल्न सकेन। तिनीहरुले उसलाई कृत्रिम तरिकाले निल्न दिएका थिए। र जब हामीले उसको लागि प्रार्थना गर्यौं, उसले भन्यो, चल्यो, उसको घाटीबाट यो निकाल्यो। उसले

निल्न सक्यो। चिकित्सकहरुले यो विश्वास गर्न सकेनन्। तिनीहरुले यो बाहिर निकाले, र उसले निल्न सक्यो। अर्को दिन, ऊ बसिरहेको थियो।

एउटा मण्डली; एउटा मण्डलीको चुनाव गर्नु।

57 फोन कल भर्खरै आयो, केहि समय अगाडि। आज बिहान, मेरो मण्डलीको एकजना सदस्य, जो वास्तवमै एउटा ब्याप्टिष्ट महिला हो लुइसभिलबाट, उनी आज सबेरै बिहान मरिन्। र घरमा मेरो मण्डली, पवित्र पुरुषहरुको वास्तविक समूह, आफैलाई भेला गराए र तल गए, दफन गर्नेले उनलाई सुगन्धित गर्नु अघि, उसको नजिक बसे, उनमा जीवन फर्केर नआउन्जेलसम्म प्रार्थना गरे। र उनी बाँचिरहेकि छिन्, आज राति। मेरो मण्डलीका एल्डरहरु, किन, तिनीहरुलाई सबै कुरा सम्भव छ भनेर विश्वास गर्नको लागि सिकाईएको छ, इमानदारीपूर्वक परमेश्वरमा आउनुहोस्।

त्यसैले, तपाईले सहि चुनाव गर्नुपर्दछ।

58 फेरी पनि, एउटा पुरुषले चुन्ने महिलाको प्रकारले, उसको महत्वकांक्षाहरु र उसको चरित्रलाई प्रतिविम्बित गर्नेछ। यदि पुरुषले गलत केटि चुन्छ भने, यसले उसको चरित्रलाई प्रतिविम्बित गर्दछ। र जे संग उसले आफूलाई जोड्छ, त्यसले उसमा के छ भनेर वास्तविक रूपमा देखाउदछ। एउटा महिलाले पुरुषमा के छ भनेर प्रतिविम्बित गर्दछ जब उसले उनलाई आफ्नो पत्नी हुनको लागि चुन्दछ। यसले उसमा के छ भनेर देखाउँदछ। उसले बाहिर जेसुकै भने पनि, उसले के बिहे गरेको छ हेर्नुहोस्।

59 म पुरुषको कार्यलयमा जान्छु, र उसले भन्छ ऊ एउटा इसाई हो; भित्ताभरि टाँस्छ, त्यो पुरानो बूगी–वूगी संगीत बजिरहेको छ। उसले के भन्छ मलाई त्यो मतलब छैन। म उसको गवाहि विश्वास गर्दिन, किनभने उसको आत्माले ती संसारका कुराहरुलाई खुवाई रहेको छ। के, भन्छ, यदि उसले गीतमा बस्ने केटिलाई विवाह गर्छ, वा के हुन्छ यदि उसले एक यौन रानीसंग विवाह गर्छ, वा केवल एउटा सुन्दरी, आधुनिक रिकेटा? यसले प्रतिविम्ब गर्छ, यसले उसको दिमागमा के छ, उसको भविष्यको घर कस्तो हुनेवाल छ भन्ने कुरा देखाउदछ, किनभने उसले उनलाई आफ्नो छोराछोरी हुर्काउनको लागि चुन्यो। र जो कोहि पनि उनी छिन्, त्यहि नै तरिकामा उनले ती छोराछोरीहरुलाई हुर्काउछिन्। त्यसैले, यसले पुरुषमा के छ त्यो प्रतिविम्ब गर्दछ। एउटा पुरुष जसले त्यस्तो खालको एउटा केटि लिन्छ, त्यसले देखाउछ कि उसले भविष्यको लागि के सोचिरहेको छ भनि।

60 के तपाई एउटा इसाईले त्यस्तो खालको काम गरेको कल्पना गर्न सक्नुहुन्छ? होइन, श्रीमान। मैले सक्दिन। एक सच्चा इसाईले त्यस्तो खालको सुन्दरी रानी, र गीतको केटि, र यौन रानीलाई हेर्न सक्दैन। उसले इसाई चरित्रलाई हेर्नेछ।

61 अब, तपाईसंग सबैथोक हुनसक्दैन, त्यहाँ एउटा केटि हुनसक्छे जो साचै नै सुन्दर छिन्, र अर्को केटि, हुनसक्छ उनी एउटा, उनको कद *यो* भन्दा पनि राम्रो हुनसक्छ, र तपाईले अर्कोको लागि एउटा बलिदान गर्नपर्ने हुनसक्छ। तर यदि नि कदको एउटा केटि, वा एउटा महिला होइनन्, र उनी...मलाई फरक पर्दैन चाहे उनी सुन्दर होस् या नहोस्, तपाईले उनको चरित्रलाई हेरेको राम्रो हुन्छ, चाहे सुन्दरी होस् या नहोस्।

62 अब, किनकि, यो बन्दैछ, यदि एउटा इसाईले एउटी पत्नी रोज्छ भने, उसले एउटा सच्चा, नयाँ गरी जन्मेको महिलालाई चुन्नुपर्छ, उनी जस्तो देखिए पनि। यो नै वास्तविक उनी हुन्, जसले उनलाई बनाउछ। र त्यसपछि, फेरी, त्यसले उसको आफ्नै ईश्वरीय चरित्र प्रतिविम्बित गर्छ, र उसको मनमा के छ र भविष्यमा के हुनेवाला छ भनि प्रतिविम्बित गर्छ, किनकि उसको परिवार एउटा त्यस्तो महिलाले हुर्काउनेछ, उसको घरको लागि भविष्यका योजनाहरुको लागि।

63 यदि उसले यी मध्ये एउटा रिकेटाज, यौन रानीहरुलाई विवाह गर्छ भने, के अपेक्षा गर्न सकिन्छ? एउटा पुरुषले कस्तो खालको घर होला भनेर अपेक्षा गर्न सकिन्छ? यदि उसले एउटा केटिलाई विवाह गर्छ जो संग घरमा बस्न र एउटा घरको हेरचाह गर्ने पर्याप्त नैतिकता छैन, र बाहिर कसैको कार्यलयमा काम गर्न चाहन्छिन् भने, कस्तो प्रकारको गृहिणी उनी हुनेछिन् होला? तपाईसंग बच्चा–रेखदेखवाला र त्यस्तै सबैकुराहरु हुनेछ। यो सत्य हो।

64 अब, म धेरै यो आधुनिक स्वादको होइन, जहाँ महिलाले काम गर्छ। जब मैले यी महिलाहरुलाई यी पोशाकमा, यो शहरमा, मोटरसाईकलमा, प्रहरीको रूपमा घुमिरहेको देखे, यो कुनै पनि शहरको लागि अपमान हो जसले महिलालाई त्यसो गर्न दिन्छ। बुझ्नुभयो? बुझ्नुभयो? जति धेरै पुरुषहरु काम बिहिन छन्, यसले हाम्रो शहरको आधुनिक विचारलाई देखाउछ। यसले पतनलाई देखाउछ। हामीले त्यहाँ ती महिलाहरुलाई त्यसरी हुन दिनुपर्दैन। तिनीहरुसंग त्यहाँ बाहिर कुनै सरोकार नै छैन।

65 जब परमेश्वरले एउटा पुरुषलाई एउटा पत्नी दिनुभयो, उहाँले उसलाई मुक्ति भन्दा बाहिर दिनसक्ने, सबैभन्दा राम्रो कुरा दिनुभयो। तर जब कसैले एउटा पुरुषको ठाउँ लिने कोशिष गर्छ, तब उनी उसले पाउने सबैभन्दा खराब कुरा हुन्छ। अब, त्यो सहि हो। बुझ्नुभयो?

अब हामीले आत्मिक प्रयोगलाई देख्न सक्छौ।

66 म—मलाई थाहा छ त्यो नराम्रो हो, तपाई यो खराब हो भनि सोच्नुहुन्छ, तर यो सत्य हो। यो कति खराब छ भन्ने कुरा हामी वास्ता गर्दैनौ, हामीले तथ्यलाई सामना गर्नुपर्छ। त्यो नै हो जे बाईबलले सिकाउछ। बुझ्नुभयो?

67 अब, हामीले यहाँ स्पष्ट रूपमा आत्मिक योजना देख्छौ, उहाँको भविष्यको दुलहीसंग परमेश्वरको भविष्यको घरको योजना, अहिले दृष्यमा आउछ।

68 यदि एउटा पुरुषले एउटा यौन रानीलाई विवाह गर्छ, तपाईले देख्नुहुन्छ कि उसले भविष्यको लागि के हेर्दैछ भनि। यदि एउटा मानिसले एउटा महिलालाई विवाह गर्छ जो घरमा बस्दैन, तपाईले देख्नुहुन्छ कि उसले भविष्यको लागि के हेर्दैछ भनि। र एक पटक...

69 यो भयानक सुनिन्छ। मलाई यो भन्न मन लाग्यो। रे म—म, सामान्य रूपमा, यदि मलाई केहि कुरा भन्न मन लाग्छ भने, मैले यो भन्नुपर्छ। र यो प्राय परमेश्वरको तरिका हो।

70 म—म गाईवस्तु किन्नको लागि, एउटा पशुपालकसंग जाने गर्थे। र मैले त्यो बुढो साथीलाई बोलीमा जानु अघि सधै एक गाईको अनुहारमा हेरिरहेको याद गरे। त्यसपछि उहाँले त्यसको टाउको घुमाउनुभयो, र पछाडि र अगाडि हेर्नुभयो। मैले उहाँसंगै याद गरे, उहाँलाई हेरे। र उहाँले त्यसलाई माथि र तल हेहेर्नुभयो, यदि त्यो सबै ठिकै देखिन्थ्यो भने, कदमा। त्यसपछि उहाँ फर्किनुहुन्थ्यो र त्यसको अनुहारमा हेर्नुहुन्थ्यो, र कुनैबेला उहाँले आफ्नो टाउको हल्लाउनुहुन्थ्यो र टाढा जानुहुन्थ्यो।

मैले भने, "जेफ, म तपाईलाई केहि कुरा सोध्न चाहन्छु।"

उहाँले भन्नुभयो, "भन, बिल।"

71 र मैले भने, "किन तपाईले सधै त्यो गाईको अनुहारमा हेर्नुहुन्छ?" मैले भने, "ऊ सबै ठिकै देखिन्छ, एउटा राम्रो—राम्रो भारी गाई।"

72 भन्नुभयो, “म तिमीलाई भन्न चाहन्छु, केटा, तिमीले धेरै कुरा सिक्न बाकि छ।” र उहाँले मलाई भन्नुभए पछि मैले—मैले महसूस गरे। भन्नुभयो, “ऊ कसरी बनेको छ मलाई त्यस कुराको वास्ता छैन। ऊ गाईको मासु, खुरमा साहुल हुन सक्छ। तर यदि उसको अनुहारमा त्यो जंगली हेराई छ भने, तिमीले कहिल्यै पनि त्यसलाई नकिन्नु।”

भने, “त्यस्तो किन, जेफ?”

73 “अँ,” भन्नुभयो, “पहिलो कुरा त,” भन्नुभयो, “उसलाई कहिल्यै स्थिर राख्न सकिन्न।” र उहाँले भन्नुभयो, “अर्को कुरा चाहि, ऊ कहिल्यै पनि आफ्नो बाछोको एउटा आमा सक्दैन।” र भन्नुभयो, “तिनीहरुले उसलाई अहिले चोसुमा राखेका छन्, कारण ऊ मोटी छ। तपाईले उसलाई खोलिदिनुहोस्, त्यो जंगली हेराई सहित, उसले आफैलाई मर्ने ठाउँसम्म दौडाउछिन्।”

74 मैले भने, “तपाईलाई थाहा छ, मैले एक किसिमले केहि कुरा सिके। म विश्वास गर्छु कि त्यो महिलाहरुमा पनि, लागू हुन्छ।” सहि हो। सहि हो।

75 त्यो जंगली, तर्ने, रिकेटा हेराई, ऊ बाट टाढै बसेको राम्रो, केटा, त्यो सबै निलो कुराहरु जुन उनको आँखाको माथि छ। र म चाहन्न...म त्यो चाहन्न। मलाई लाग्दैन कि त्यो एउटा इसाई बनिरहेको छ। मलाई मतलब छैन चाहे जति सुकै टेलीभिजन र पत्रिकाले यो राम्रो भनोस्। यो मैले मेरो जीवनमै देखेको सबैभन्दा डरलाग्दो–देखिने, घिनलाग्दो दृष्य हो।

76 जब मैले पहिलो पटक त्यो देखे, यहाँ क्लिफ्टन क्याफिटेरियामा, एउटा बिहान, बिहानको नास्ताको समयमा...मैले ती मध्ये केहि जवान युवतीहरु माथि आएका देखे। भाई अर्गनब्राईट भर्खरै भित्र आउनुभएको थियो, र म। र उहाँ तल्लो तल्लामा जानुभएको थियो। र मैले हेरे, र त्यो केटि भित्र आईन्। मैले सोचे, “ठिक छ, म—म—म—मलाई थाहा छैन।” मैले यो पहिले कहिल्यै देखेको थिएन। यो एक किसिमको। ओ, यो यस्तो देखिन्थ्यो कि उनी रिसाएकी थिएन्, तपाईलाई थाहा छ, एक प्रकारले हास–उठ्दो थियो। म—मैले यो ठट्टाको लागि भनिरहेको छैन, म—मैले यो भनिरहेको छु... तपाईलाई थाहा छ, मैले कुष्ठरोग देखेको छु, म एउटा मिसनरी हुँ, मैले सबै खालका पागलहरु देखेको छु, तपाईलाई थाहा छ, कसरी...रोगहरु, र म त्यो जवान युवती कहाँ गएर भन्नेवाला थिए, “म—म—म एउटा सेवक हुँ, म—म बिरामीहरुको निम्ति प्रार्थना गर्छु। के—के तपाई मैले तपाईको

निम्ति प्रार्थना गरिदिएको चाहनुहुन्छ?” र मैले कहिल्यै पनि त्यस्तो कुरा देखेको थिएन। र त्यसपछि, यहाँ दुई या तिन जना थप आउछन्, भित्र। त्यसबेला म एक प्रकारले पछाडि सरे र पर्खिरहे।

77 र भाई अर्गनब्राईट आउनुभयो, त्यसैले मैले भने, “भाई अर्गनब्राईट?” शायद उहाँ यहाँ हुनुहुन्छ होला। मैले भने, “त्यो महिलालाई के भएको छ?” बुझ्नुभयो?

र उहाँले भन्नुभयो, “त्यो, त्यो रंग हो।”

78 मैले भने, “ठिक छ, मेरो, मेरो!” बुझ्नुभयो? मैले सोचे कि उनीहरुले उनलाई कतै एउटा पेस्टहाउसमा राख्नुपर्छ, तपाईलाई थाहा छ, यसलाई अन्य महिलाहरुमा फैलिनबाट जोगाउनुपर्छ।

79 तर, तपाईलाई थाहा छ, जब तपाईले चुन्दै हुनुहुन्छ, तपाईले योजना बनाउनुपर्छ, हेर्नुहोस्, प्रार्थना गर्नुहोस्। किनकि, हामीले देख्छौ, यसबाट, प्रतिज्ञाको वचन। उनी, दुलही जसलाई एउटा मानिसले चुन्नेछ, उनले उसको चरित्र प्रतिविम्बित गर्न जानेछ। यसले ऊ भित्र के छ त्यो प्रतिविम्ब गर्छ।

80 अब, के तपाईले एउटा, पवित्र आत्माले भरपूर भएको मानिसले, केहि त्यस्तोलाई एउटा पत्नी हुनको लागि लिन्छ भनि कल्पना गर्न सक्नुहुन्छ? म—म—मैले केवल यो देख्दिन, भाई। अब, हुनसक्छ म एउटा पुरानो विचारको होला। तर, तपाईलाई थाहा छ, म—म केवल त्यो बुझ्न सक्दिन, हेर्नुहोस्, ध्यान दिनुहोस्, किनकि यसले उसमा भएको कुरा प्रतिविम्ब गर्न जाँदैछ। उनले उसको भविष्यको घर बनाउनको लागि सहायता गर्न जाँदैछिन्।

81 अब, त्यसपछि, जब हामीले एक क्षणको लागि परिवर्तन गर्छौं, आत्मिक पक्षमा फर्किन्छौ। र जब तपाईले एउटा मण्डली देख्नुहुन्छ जुन संसारमा छ, संसार जस्तै कार्य गर्छ, संसारमा आशा राख्दछ, संसारसंग सहभागी हुन्छ, परमेश्वरको आज्ञालाई यसरी व्यवहार गर्छ मानौ कि उहाँले तिनीहरुलाई कहिल्यै लेख्नुभएन, तब तपाई—तपाईले कल्पना गर्न सक्नुहुन्छ कि ख्रीष्टले त्यस्तो खालको एउटा दुलहीलाई लिनुहुनेछैन। के तपाईले आज आधुनिक मण्डलीलाई एउटा दुलहीको रूपमा लिएको कल्पना गर्न सक्नुहुन्छ? मेरो प्रभुले त होइन। मलाई लाग्दैन...मैले त्यो देख्न सक्दिन। होइन। याद गर्नुहोस्, अब, एउटा पुरुष र उसको पत्नी एक हुन्। के

तपाई त्यस्तो खालको एउटा व्यक्तिसंग जोडिनुहुनेछ? यदि तपाई चाहनुहुन्छ भने, यसले निश्चय नै तपाईमा मेरो विश्वासलाई निराश तुल्याउनेछ।

82 र, त्यसपछि, परमेश्वरले आफैलाई त्यो खालको एउटा, नियमित संगठित वेश्यासंग जोडेको कस्तो हुन्छ? तपाईलाई लाग्छ उहाँले यो गर्नुहुनेछ भनि, "भक्तिको भेष लगाउने तर शक्तिलाई चाहि इन्कार गर्ने"? उहाँले कहिल्यै पनि यसो गर्नुहुनेछैन। उनमा उहाँको चरित्र हुनुपर्छ। वास्तविक, सच्चा, नयाँ गरी जन्मेको मण्डलीमा—ख्रीष्टमा भएको चरित्र हुनुपर्दछ, किनभने पति र पत्नी एकै हुन्। र यदि येशूले त्यो मात्रै गर्नुभयो जसले परमेश्वरलाई प्रसन्न पार्यो, उहाँको वचन पालना गर्नुभयो र उहाँको वचन प्रकट गर्नुभयो, उहाँको दुलही उही खालको चरित्रको हुनुपर्दछ। उनी हुन सक्दिनन्, कुनै पनि रितिले, एउटा संगठित मण्डली हुन सक्दिनन्। किनभने, तब, चाहे तपाईले जत्ति नै "नाई" भन्न चाहे पनि, उनी कतै समितिद्वारा नियन्त्रित छिन्, जसले उनलाई के गर्ने र के उनले गर्नु हुदैन भनि भन्दछ, र, धेरै पटक, साँचो वचनबाट लाखौ मिल पर पुराउदछ।

83 यो एकदमै खराब हो कि परमेश्वरले मण्डलीलाई अगुवाई गर्नको लागि छोड्नुभएको सच्चा अगुवाबाट हामीई टाढा गएका छौ। उहाँले कहिल्यै पनि राज्यका प्रवक्ताहरु पठाउनुभएन। उहाँले कहिल्यै पनि विशप, कार्डिनल, पूजाहारी, पपहरु पठाउनुभएन। उहाँले मण्डलीको लागि पवित्र आत्मा पठाउनुभयो, मण्डलीलाई अगुवाई गर्नको लागि। "जब उहाँ पवित्र आत्मा आउनुहुन्छ, उहाँले तिमीहरुलाई सबै सत्यतामा दोहोर्याउनुहुनेछ, यी कुराहरु तिमीहरुलाई प्रकट गर्नुहुनेछ, जुन मैले तिमीहरुलाई भनेको छु, तिमीहरुको सम्भनामा ल्याउनुहुन्छ, र भविष्यमा हुने कुराहरु तिमीहरुलाई देखाउनुहुनेछ।" पवित्र आत्माले त्यो गर्नुहुन्थ्यो। अब, आधुनिक मण्डलीले त्यसलाई घृणा गर्छ। तिनीहरुलाई यो मन पर्दैन, त्यसैले कसरी उनी परमेश्वरको दुलही हुन सक्छिन्? आजका मानिसहरुले आधुनिक संगठित मण्डलीहरु चुनिरहेका छन्। यसले के गर्छ, यसले केवल तिनीहरुको वचनको कमजोर समभ्कलाई भ्कल्काउदछ।

84 मेरो मतलब चोट दिनु होइन, तर मेरो मतलब तपाईले यसलाई नहेरेसम्म यसलाई गहिरोसम्म जान दिनुभएको होस्।

85 मैले धेरै जोडिहरुलाई विवाह गराएको छु, तर यसले सधै मलाई ख्रीष्ट र उहाँको दुलहीको सम्भना दिलाउछ। मैले यहाँ गरेको विवाहहरु मध्ये

एउटा, केहि समय अगाडि, यो—यो मेरो जीवनमा एकदम उत्तम कुरा थियो। यो धेरै वर्ष भईसकेको छ, जब म केवल एउटा जवान सेवक थिए।

86 मेरो भाई—पिडब्लूए मा काम गर्दै थियो। मलाई थाहा छैन कतै कसैलाई यो कुरा याद छ या छैन, यद्धपि, वा छैन, तिनीहरु जो म जत्तिको बुढो छन्। र त्यो एउटा—एउटा सरकारको योजना थियो। र मेरो भाईले काम गर्यो, लगभग तिस मिल टाढा थियो। तिनीहरुले कुनै ताल खन्दै थिए, संरक्षणको लागि एउटा योजना थियो।

87 र त्यहाँ एउटा केटा काम गर्थ्यो, ऊ संग, इन्डियानापोलिसबाट थियो, लगभग, ओ, लगभग जेफरसन्भिलबाट एक सय मिल माथि, जब म—म बस्छु, या बस्ने गर्थे। र त्यहाँ एउटा...उसले मेरो भाईलाई भन्यो, एकदिन, उसले भन्यो, "डक," उसले भन्यो, "म—म चाहन्छु...म विवाह गर्न जाँदैछु, यदि मैले प्रचारकलाई पर्याप्त पैसा तिर्न सके त।" उसले भनो, "म—मसंग मेरो लाईसेन्स लिनको लागि पर्याप्त पैसा छ, तर," भन्यो, "मसंग प्रचारकलाई तिर्नको लागि पर्याप्त पैसा छैन।"

88 डकले भन्यो, "ठिक छ, मेरो भाई एउटा प्रचारक हो, र—र ऊ—उसले शायद तिम्रो विवाह गराउन सक्छ।" उसले भन्यो, "उसले कहिल्यै पनि यस्ता कुराको लागि मानिसबाट पैसा लिदैन।"

उसले भन्यो, "के तिमीले सोध्न सक्छौ उसले मेरो विवाह गरिदिन्छ कि भनि?"

89 ठिक छ, त्यसरात मेरो भाईले मलाई सोध्यो। मैले भने, "यदि ऊ पहिले कहिल्यै विवाह गरेको छैन भने, ती मध्ये एक, र तिनीहरु...सबैकुरा ठिकै छ।"

उसले भन्यो, "ठिक छ, हो, म उसलाई सोध्छु।"

र मैले भने, "यदि यो हो, उसलाई भन, तल आऊ।"

90 त्यसैले, जबा शनिबार आयो र केटा तल आयो। यो मेरो लागि महान कुरा भयो, सधै फर्केर यसमा हेर्नको लागि। म...पानी परेको दिउसो, र एउटा पुरानो सेभ्रोलेट कार, जसको हेडलाईट बलिंग तारहरुमा जोडिएको थियो, जुन जोडिएको थियो, अगाडि पट्टि। मैले मेरी श्रीमती गुमाएको केहि समय पछाडि थ्यो, र म प्रचयन गर्दैथिए, दुईवटा सानो कोठाहरुमा। र—र डक त्यहाँ माथि मसंग थिए, तिनीहरुलाई पर्खिरहेको थियो।

91 र—र एउटा केटा कारबाट बाहिर निस्कीयो, र ऊ पक्कै पनि दुलहा जस्तो देखिदैन थियो, मेरो लागि, वा जो कोहिको लागि पनि, मलाई त्यस्तो लाग्छ। हो। मैले राम्रो जोडि जुत्ता किन्न सक्थे, साढे एक डलरमा। र उनको एक जोडि थियो, त्यो बिग्रेको थियो। र उसको पत्लुंग एकदम खुकुलो थियो। र उसंग यी मध्ये एउटा पुरानो छालाको ज्याकेट थियो। मलाई लाग्दैन कि तपाईहरु मध्ये केहि पुराना मानिसहरुले यो याद गर्नुहुन्छ भनि। यो यस्तो देखिन्थ्यो कि यो एउटा वाशिंग मेसिनमा हालेको थियो तर राम्ररी धोएको थिएन, र त्यो खुम्चिएको थियो, *यसरी* बाँधिएको थियो, र दोब्रिएको थियो।

92 र एउटा—एउटा सानी केटि बाहिर निस्किन् एकतर्फ, एउटा सानो, ओ, ती मध्ये केहि धर्के खालको देखिने लुगामा।

93 मलाई थाहा छैन। मैले त्यस्तो खालको समानहरु बोलाउने एउटा गल्ती गरेको थिए, एक पटक। गिन्घाम, मलाई विश्वास छ यो भनिन्छ। र त्यसैले यो एउटा...[मण्डली हाँस्छ—सम्पा।] मैले फेरी यसलाई गलत भने। म—म सधै यो गरिराको छु। र मैले भने...

94 उनी कारबाट बाहिर निस्किन्, र तिनीहरु केहि कदम माथि आए। र—र जब तिनीहरु भित्र पसे, गरिब सानो कुरा, उनी...मलाई लाग्छ, उनी, उनीसंग मात्रै स्कर्ट थियो। र उनीसंग कुनै जुत्ता थिएन, शायद, लगाएको। उनी इन्डियानापोलिसबाट हिडेर आएकी थिईन्, तल। सानो कपाल तल झुण्डिरहेको थियो, पछाडि, लामो केश, एक प्रकारले पीठ तल थियो। एकदम जवान देखिन्थिन्।

र मैले उनलाई भने, "के तिम्रो विवाह गर्ने उमेर भएको छ?"

95 उनले भनिन्, "हो, महोदय।" र उनले भनिन्, "मसंग मेरो पिता र माताबाट लिखित अनुमति छ।" उनले भनिन्, "मैले यसलाई यहाँ अदालातमा देखाउनु—पर्यो, मेरो इजाजतपत्र लिनको लागि।"

96 मैले भने, "ठिक छ।" मैले भने, "हामीले यो विवाह गर्नुभन्दा अघि म तपाईसंग थोरै कुरा गर्न चाहन्छु।" तिनीहरु तल बसे। केटाले कोठा वरिपरी हेर्दै बस्यो; उसलाई केश काट्न अतिनै आवश्यक थियो। र उसले कोठा चारैतिर हेरीरह्यो। उसले मलाई सुनिरहेको थिएन। मैले भने, "छोरा, मैले भनेको कुरा तिमीले सुनोस् भन्ने चाहन्छु।"

भन्यो, "हो, महोदय।"

र मैले भने, “तिमीले यो केटिलाई प्रेम गर्छौ?”

उसले भन्यो, “हो, महोदय। म गर्छु।”

मैले भने, “तिमीले उसलाई प्रेम गर्छौ?”

“हो, महोदय। म गर्छु।”

97 मैले भने, “अब, तिमीले बिहे गरिसकेपछि उसलाई लैजाने ठाउँ छ?”

भन्यो, “हो, महोदय।”

98 मैले भने, “ठिक छ। अब,” मैले भने, “म तिमीलाई केहि सोध्न चाहन्छु। म बुझ्छु, तिमी यहाँ पिडब्लूए मा काम गर्छौ।”

र उसले भने, “हो, महोदय।” त्यो लगभग हप्ताको बाह्र डलर हो।

मैले भने, “तिमीलाई लाग्छ कि तिमीले उसको लागि कमाउन सक्छौ?”

उसले भने, “मैले गर्न सक्ने सबै म गर्छु।”

99 र मैले भने, “ठिक छ, त्यो ठिक छ।” र मैले भने, “अब, के हुन्छ यदि यो गयो भने...उसले यो काम गुमायो भने के हुन्छ, बहिनी? तिमीले के गर्न जानेछौ, फर्केर माईत नै जान्छौ, आमा, बुवाको मा?”

उनले भनिन्, “होइन, महोदय। म ऊ संगै बस्नेछु।”

100 र मैले भने, “के हुन्छ, महोदय, यदि तिमीसंग तिन वा चारओटा बालबच्चा छन्, खुवाउनको लागि केहि पनि छैन, र तिमीसंगै कुनै काम पनि छैन। तिमीले के गर्नेछौ, उसलाई दूर पठाईदिन्छौ?”

101 भन्यो, “होइन, महोदय। म संघर्ष गर्नेछु। हामीले यो गर्नेछौ, कुनै तरिकाले गर्नेछौ।”

102 मैले सानो महसूस गरे। र मैले देखे कि उसले उनलाई वास्तवमै प्रेम गर्थ्यो, र तिनीहरुले एकअर्कालाई प्रेम गर्थ्यो। मैले तिनीहरुलाई विवाह गराएँ।

103 त्यसपछि मलाई थाहा छैन उसले उनलाई कहाँ लग्यो। केहि दिन पश्चात, मैले मेरो भाईलाई सोधे, डक, तिनीहरु कहाँ छन्। उसले भन्यो, “तल न्यु अल्बानिमा जाऊ,” हाम्रो भन्दा तल एउटा सानो शहर हो।

104 र तल नदीमा, जहाँ मैले केहि टिनहरु राखेको थिएँ, जहाँ म दिनकै जाने गर्थे जब म—म एउटा लाईनम्यान हुने गर्थे। त्यसैले जब बाकि रहेका

साथीहरु, तिनीहरु सबै वरपर बसे, चुटकिला र त्यस्तै कुराहरु सुनाए, म ट्रकमा चढेर टल नदीमा जान्थे र त्यसबेला प्रार्थना गर्थे, त्यहाँ भित्र, र मेरो बाईबल पढ्थे, एउटा ठूलो टिनको टुक्रामुनि जहाँ पुरानो फलामको काम हुन्थ्यो। त्यहाँ एउटा पुराना बोक्सकारहरुको गुच्छा त्यहाँ राखिएको थियो।

105 र यो मान्छे त्यहाँ तल गएको थियो र ती मध्ये एउटा बक्सकार लिएर त्यसमा एउटा ढोका राखेको थियो। र एउटा अखबार र ट्याकि बटन लिएको थियो।

106 कति जनालाई थाहा छ एउटा ट्याकि बटन के हो भनेर? त्यहाँ कुनै केन्टकिकाहरु छैनन् यहाँ, त्यसोभए। यो, एउटा कार्डबोर्डको टुक्रा लिनुहोस्, र यसमा सानो किल्ला लिनुहोस्, एउटा सानो टहनी। र यसलाई भित्र धकाल्नुहोस्...त्यो एउटा ट्याकि बटन हो।

107 त्यसैले, तिनीहरुले जतातते राखेका थिए। र ऊ त्यहाँ माथि फलामको काम गर्नको लागि गएको थियो र आफ्नो लागि केहि समानहरु लिएको थियो, र माथि आउनको लागि, एउटा कदम बनाएको थियो। र केहि पुराना बाकसहरु उसंग थियो, र आफ्नो लागि एउटा मेच लिएको थियो। र मैले सोचे, एकदिन, “म तल जानेछु र तिनीहरुले कस्तो गर्दैछन् हेर्नेछु।”

108 त्यो भन्दा लगभग छ महिना अघि, मैले ई. भी. नाईटकि छोरीलाई ई. टि. सिल्डरको छोरासंग विवाह गरेको थिएँ। ई. भी. नाईट, ओहायो नदीमा रहेका सबैभन्दा धनि मानिस मध्ये एक हुन्, र, ओ, त्यहाँबाट ठूलो कारखानाहरु चलाउँछन्, यी प्रिफ्याब घरहरु, र त्यस्तै अन्य कुराहरु बनाउँछन्। र—र सिल्डर, ई. टि. सिल्डर, बालुवा र गिटीको कम्पनी हो, करोडपतिहरुका बच्चा। र मैले तिनीहरुको विवाह गरेको थिएँ।

109 र फर्केर एउटा ठाउँमा गएँ, करिब दुई हप्ताको लागि अभ्यास गरे, र बुथमा फर्केर सिरानीमा घुँडा टेके। र सबै धूमधाम र सबैकुराहरु जसबाट भएर म गए, लगभग, त्यसबाट भएर जानुपर्यो, त्यो जोडिलाई विवाह गर्नको निम्ति! र जब तिनीहरु बाहिर आए, किन, तिनीहरु...यो अर्को सानो जोडि केवल त्यहाँ उभिरहे एउटा सानो पुरानो कोठामा जहाँ हामीसंग सानो ओछ्यान थिए र एउटा फोल्ड गर्न मिल्ने खाट थियो, तर ती दुवैजनाको एउटै विधिबाट विवाह भएको थियो।

110 र त्यसपछि, एकदिन, मैले सोचे कि म तल जानेछु र यो धनि जोडिलाई भेट्नेछु। तिनीहरुले काम गर्नुपर्दैन थियो, तिनीहरुको पिताहरु करोडपति

थिए, तिनीहरुको लागि राम्रो घर बनाईदिएका थिए। साच्चै भन्ने हो भने, यो ई. भी. नाईट, माथि, यहाँ डाँडामा, उसको ठूलो दरबारमा ढोका चौध क्यारेट छ, त्यसैले तिनीहरु कस्तो खालको घरमा बस्छन् भन्ने कुरा तपाईले कल्पना गर्न सक्नुहुन्छ। तिनीहरुले काम गर्नुपर्दैन थियो। तिनीहरुलाई हरेक बर्ष एउटा राम्रो क्याडील्याक दिईन्थ्यो। र केवल, मात्रै बच्चाहरु, र तिनीहरुसंग तिनीहरुले चाहेको सबै कुरा थियो। जब म एकदिन माथि गए...

111 अब, कसरी म तिनीहरुसंग चिनजान भए, तिनीहरुको मित्रहरु मध्ये एउटा मेरो असल साथी थियो। हामीहरु सबै एक किसिमले संगै थियौ। र त्यसरी मैले चिने, जब तिनीहरुलाई मैले विवाह गराईदिनको लागि उनीहरुले चाहन्थे।

112 त्यसैले म तिनीहरुलाई भेट्नको लागि माथि गए। म मेरो पुरानो फोर्डबाट बाहिर निस्किए, बाहिर, र भर्यांगबाट माथि गए। र—र म माथि उठे, अलिक धेरै नजिक, र मैले तिनीहरुलाई सुने। तिनीहरु वास्तवमै झगडा गरिरहेका थिए। तिनीहरु एक अर्का प्रति इर्ष्यालु थिए। तिनीहरु एउटा नाचगानमा गएका थिए। उनी एउटा एकदमै राम्री केटि थिएन्। र उनी एक प्रकारले यी सुन्दरी रानीहरु मध्ये एक थिईन्। उनले त्यहाँ चारैतिर धेरै पुरस्कारहरु लिएकी थिईन्, र केहि कारहरु र त्यस्तै कुराहरु जितेकी थिईन्, सुन्दरी रानी भएकोले। र मैले तिनीहरुलाई हेरे, र एक जना एउटा कुनामा र अर्को अर्को कुनामा बसिरहेका थिए, उनी कुनै केटा संग, वा कुनै केटिसंग, त्यस्तै कुरामा झगडा गरेका बसेका थिए।

113 जब म माथि आए, तिनीहरु तुरुन्तै जुरुक्कै उफ्रिए र भुइँमा एकअर्कालाई समाते, र तिनीहरु—तिनीहरुको हातहरु, भुइँमा, ढोकातर्फ आउन थाले। भन्यो, “किन, हेल्लो त्यहाँ, भाई ब्रन्हाम! तपाई कस्तो गर्दै हुनुहुन्छ?”

भन्यो, “ठिक छु। तिमीहरु सबै कस्तो छौ?”

114 र, “ओ,” उसले भन्यो, “म—म...हामीहरु एकदम खुसी छौ। होइन र, प्रिय?”

र उनले भनिन्, “हो, प्रिय।” बुझ्नुभयो?

115 अब, तपाई देख्नुहुन्छ, तपाईले केहि त्यस्तो कुरा राख्दै हुनुहुन्छ जुन वास्तविक होइन। अब, तपाईले रंग्याएको आगोले न्यानो पाउन सक्नुहुन्न, जसरी यी मध्ये केहि मण्डलीहरुले पेन्टिकोष्टलाई रंग्याउन खोज्दैछन्, एक हजार वर्ष पहिले वा दुई हजार वर्ष पहिले भएको कुराको। तपाईले रंग्याएको

आगोले न्यानो पाउन सक्नुहुन्न। पेन्टिकोष्ट आज उत्तिकै वास्तविक छ जत्तिको पहिले थियो। बुझ्नुभयो? हो। आगो अझै पनि झरिरहेको छ। यो रंग्याएको आगो होइन। यो एउटा वास्तविक आगो हो।

116 त्यसैले, तिनीहरु, त्यहाँ तिनीहरु थिए। बुझ्नुभयो? म—म त्यसरी जिउन चाहन्न।

117 "ओ," मैले सोचे, "तपाईलाई थाहा छ, त्यहाँको चट्टानमा तल र नदीमा, त्यहाँ यो अर्को जोडि बसिरहेका छन्।" मैले सोचे, "एउटा शनिबार दिउसो म त्यहाँ तल जानेछु र हेर्नेछु तिनीहरु कस्तो गरिरहेका छन्।"

118 त्यसैले म, अनुसारमा फोहोर, र फोहोर कपडाहरुसंग, मेरो सामानहरु सहित। मैले सोचे, "म तिनीहरु कहाँ जानेछु।" चट्याङ वा केहीले इन्सुलेटर फुटेको देखेझैं म चिप्लिएँ, र जसै म टेलिफोनको तारको छेउ हिडे, नदीको किनारमा बिजुलीका तारहरु। र त्यहाँ पुरानो चेभरोलेट, अगाडि पट्टि रहेको थियो। तिनीहरुलाई मैले विवाह गराईदेको, करिब एक वर्ष पछि। र त्यहाँ एउटा—एउटा...ढोका खुल्ला थियो, र मैले तिनीहरु बोलिरहेको सुन्न सक्थे। त्यसैले यो एक पाखण्डी जस्तो सुनिन्छ, तर म यति नजिकसम्म पुगे कि तिनीहरुले के भन्दै थिए, सुन्न र हेर्न सक्थे। त्यहाँ उभिए। र म केवल मेरो लागि, थाहा पाउन चाहन्थे।

119 म के को बारेमा बोलिरहेको छु भन्ने कुरा जान्दछु र मलाई पत्ता लगाउन र निश्चित हुन मन पर्छ। त्यो तरिकामा म परमेश्वरको वचनको बारेमा गर्छु। यो सत्य हो, वा यो सत्य होइन? के उहाँले आफ्नो वचन पूरा गर्नुहुन्छ, वा उहाँले आफ्नो वचन पूरा गर्नुहुन्न? उहाँले आफ्नो वचन पूरा गर्नुहुन्न, त्यसो हो भने उहाँ परमेश्वर हुनुहुन्न। बुझ्नुभयो? उहाँले आफ्नो वचन पूरा गर्नुहुन्छ, उहाँ परमेश्वर हुनुहुन्छ। बुझ्नुभयो?

120 र त्यसैले तिनीहरुले के गर्दैछन् म हेर्न चाहन्छु। र त्यहाँ छेउमा गए, साच्चै नै सजिलो संग। उसले यसो भनेको मैले सुने, "ओ, प्रिय, म तिम्रो लागि, त्यो एकदमै प्राप्त गर्न चाहन्छु।"

121 उनले भनिन्, "अब, हेर, प्रिय।" उनले भनिन्, "यो पोशाक एकदम ठिक छ।" उनले भनिन्, "किन, यो एकदम ठिक छ।" भन्यो, "म त्यो कदर गर्छु। तर तपाईले देख्नुहुन्छ..."

122 म वरपर चिप्लिए, त्यसैले मैले दरारबाट हेर्न सक्थे, जहाँ बक्सकारमा ढोका खोलिएको थियो। र त्यहाँ ऊ थियो, त्यहाँ बसिरहेका थिए, र उनी

उसको काँखमा थियो; र उसको अँगालो उनी माथि थियो, र उनको अँगालो उसको वरिपरी थियो। र उसंग यी मध्ये एउटा पुरानो स्लोच टोपी थियो, र सानो प्वाल बनाएको थियो, त्यसलाई तल, माथि राखिएको, र त्यसमा उसको तलबको, चेक निकाल्यो। ऊ—ऊ त्यो मेचमा राखेको थियो। भन्यो, "किरानाको लागि *यति* धेरै थियो। बिमाको लागि *कति* धेरै। र कारको लागि *कति* धेरै।" र तिनीहरुले आफ्नो अन्त्य पूरा गर्न सकेनन्। पत्ता लगाउन आउनुहोस्, उसले त्यो एउटा सानो लुगा त्यहाँ एउटा झ्यालमा देखेको थियो, त्यसमा हप्ता देखि हेर्दै थियो, त्यो एक डलर र केहि पर्थ्यो। उसले त्यो लिन चाहन्थ्यो। भन्यो, "ठिक छ, प्रिय, तिमी यसमा कति राम्री देखिन्थ्यौ।" र उसले भन्यो...

123 उनले भनिन्, "तर, प्रिय, म—म संग एउटा लुगा छ। म—मलाई वास्तवमै यो चाहिदैन।" बुझ्नुभयो? र त्यो सानी रानी...

124 र म पछाडि गए, र माथि हेरे। मैले अर्को घरको माथि खाडल—देखे। म त्यहाँ उभिए र हेरे, केहि मिनेटसम्म। मैले सोचे, "को चाहि धनी मानिस हो?" मैले सोचे, "यदि, बिल ब्रन्हाम, यदि तिमीले कुनै ठाउँ लिन चाहन्छौ भने, तिमी कहाँ जानेछौ?" मेरो लागि, म त्यो माथि डाँडामा भएको राम्रो कुरा लिन्न थिए। म यो पात्रलाई यहाँ, एक वास्तविक गृहिणीको रूपमा लिन चाहन्छु, एउटा यस्तो जसले मलाई माया गर्यो र म संगै बस्यो, कोहि जसले एउटा घर बनाउन खोज्यो; र सबैकुराको लागि तपाईसंग झगडा गर्दैन, राम्रा कुराहरुको लागि; र कोहि जो तपाईसंग हुनुहुन्थ्यो, तपाईको भाग थियो।

125 त्यो सधै मसंग अड्किएक छ, त्यो कस्तो थियो भनेर। एउटाले सुन्दर केटि रोज्यो, अर्कोले चरित्र रोज्यो। अब, तपाईले चुनाव गर्न सक्ने त्यो एक मात्रै तरिका हो। पहिलो, चरित्रलाई हेर्नुहोस्; र त्यसपछि, यदि तपाईले उसलाई प्रेम गर्नुहुन्छ भने, ठिक छ।

126 ध्यान दिनुहोस्, परमेश्वरको पहिलो आदमसंग आफ्नी पत्नीको लागि, कुनै विकल्प थिएन। उससंग एउटा विकल्प थिएन। परमेश्वरले बस उसलाई एउटा बनाउनुभयो, र उसले उनलाई चुन्न पाएन। त्यसैले उनले उसलाई परमेश्वरको वचनबाट टाढा लागेको पाउछौ। उसले त्यस बिषयमा प्रार्थना गर्न पाएन। ऊ—ऊ—ऊ तपाई र म जस्तो होइन। उसले एउटा विकल्प पाएन। र फेरी, त्यो गरेर, उसले परमेश्वरको एउटा पुत्रको रूपमाउसको सहि

पदबाट बाहिर डोहोर्याईन्। र उनले उसलाई जीवनको अझै धेरै आधुनिक तरिका देखाएर गरिन्, केहि त्यस्तो कुरा जुन तिनीहरुले वास्तवमै गर्नु हुदैन थियो। तर उनको चरित्रले उनी गलत थिईन् भनि देखाएको थियो। उसको मनशाय र उदेश्यहरु मात्र गलत थिए। र उसलाई मनायो, उसको तर्कद्वारा, कि उनले फेला पारेको आधुनिक नयाँ प्रकाश, जुन परमेश्वरको वचनको विपरीत थियो, त्यो बाँच्ने एउटा उत्तम तरिका थियो।

127 र कति धेरै महिलाहरु आज, र यसको विपरित, पुरुषहरु, जसले एउटा असल महिलालाई परमेश्वरबाट दूर तान्न सक्छन्, वा एउटा असल पुरुषलाई परमेश्वरबाट दूर तान्न सक्छन्, उसलाई यो भन्ने कोशिष गरेर कि, "यो धर्म, तिमी पेन्टिकोष्टल केटाहरु, त्यो धर्म," तिनीहरुले भन्छन्, "ओ, त्यो पुरानो जमानाको हो, यो पुरानो कुहिरो जस्तो हो, तिमीले त्यो विश्वास नगर।" तपाईले त्यो केटिलाई विवाह गर्नुभन्दा पहिले धेरै नै प्रार्थना गरको राम्रो, मलाई उनी कति सुन्दर छिन् भन्ने कुराले फरक पर्दैन। उही कुरा पुरुषमा नि लाग्छ।

128 उनले उसलाई परमेश्वरको इच्छाबाट तर्कायो र उसलाई त्यो काम गर्ने बनायो जुन उसले गर्न नहुने थियो, र, यसद्वारा, सम्पूर्ण मानव जातिमा मृत्यु आयो। त्यसैकारणले बाईबलले उनलाई सिकाउन, वा प्रचार गर्न, वा परमेश्वरको वचनलाई कुनै पनि तरिकाले, सम्हाल्न निषेध गर्छ।

129 मलाई थाहा छ, बहिनीहरु, तपाईहरु मध्ये धेरैले भन्नुहुन्छ, "प्रभुले मलाई प्रचार गर्नको लागि बोलाउनुभयो।"

130 म तपाईसंग बहस गर्न जादिन। तर म तपाईलाई भन्न जाँदैछु, वचनले तपाईलाई यो नगर्नको निम्ति भन्छ। "तर स्त्रीले पुरुषलाई सिकाउने, वा पुरुषमाथि अधिकार जमाउने काममा म अनुमति दिन्नँ, तर तिनी चूपचापै रहून्।"

"ठिक छ," तपाई भन्नुहुन्छ, "प्रभुले मलाई यो गर्नको निम्ति भन्नुभएको छ।"

131 मत्यो कुरा एक रति पनि संका गर्दिन। के तपाईले अर्को रात बालमको बारेमा भनेको मेरो सन्देश सुन्नुभयो? बालमले परमेश्वरको पहिलो, सिधा–ठाडो निर्णय पाए, "यो नगर।" तर उसले मूर्ख बनाई नै रहे जबसम्म अनन्तः परमेश्वरले उसलाई जा गर् भन्नुभयो।

132 परमेश्वरले तपाईलाई प्रचार गर्नको लागि अनुमति त दिनुहुन्छ होला। म भन्दिन कि उहाँले गर्नुभएन। तर यो उहाँको सक्कल वचन र योजना बमोजिम होइन। "किनकि तिनी आज्ञाकारी हुनुपर्दछ, जसरी व्यवस्थाले पनि भन्छ।" यो सत्य हो। त्यसै कारणले, उनले यो गर्नुहुदैन।

133 अब, फेरी ध्यान दिनुहोस् कि प्राकृतिक दुलहीले कसरी आत्मिकको चित्रण गर्दछ। वचनले भन्छ, कि, "उनी पुरुषको लागि बनाईएकि हुन्, तर पुरुष उनको निम्ति बनाईएन।"

134 अब म बोल्न जाँदैछु, र किन, केहि मिनेटमा, ख्रीष्टको दुलहीको विषयमा, तर म तपाईलाई यसको पृष्ठभूमि देखाउने प्रयास गर्दैछु।

135 "स्त्री पुरुषको निम्ति बनाईएकि हुन्, र पुरुष स्त्रीको लागि होइन।" त्यहि नै कारणले, पुरानो कानूनको अनुसार, त्यो बहुविवाह वैध थियो। दाऊदलाई त्यहाँ पाँच सय पत्नीहरुसंग बसिरहेको हेर्नुहोस्, र बाईबलले भन्छ, "ऊ परमेश्वरको हृदयको मानिस थियो।" पाँच सय पत्नीहरु सहित, र सोलोमन त एक हजार सहित, तर ती मध्ये एउटा पनि महिलाहरुसंग अर्को पती पाउन सकेनन्।

136 तपाईले *विवाह र सम्बन्ध विच्छेदको* मेरो टेप लिनुहोस्। त्यो, ट्युक्सनको माथि उच्च पहाडमा थियो, यहाँ धेरै समय भएको छैन, म त्यहाँ माथि यस विषयमा प्रार्थना गर्दै थिए। तिनीहरुले विद्यालयहरु रद्द गरे, त्यो आगोको स्तम्भले पहाडले घेरेको हेर्न र एउटा सुरुंगमा जानको लागि, पछाडि र अगाडि, माथि र तल। यहाँ भएका मानिसहरुलाई यो थाहा छ, त्यहाँ, र यसलाई देखेका छन्; र यो जब...उहाँले मलाई यो विवाह र सम्बन्ध विच्छेदको प्रश्नहरुको सत्यता बताउनुभयो। यदि यहाँ एक तर्फी छ जुन *यो* बाटो गईरहेको छ, र अर्को *त्यो* बाटो जाँदैछ, त्यहाँ कुनै ठाउँमा सत्य हुनुपर्छ। ती सात मोहोरहरु पछि, उहाँले यसको सत्यता के हो देखाउनुभयो।

137 ध्यान दिनुहोस्, अब, उसंग एउटा बाहेक अर्को पति हुनसक्दैन, किनभने, "किनभने स्त्री पुरुषको लागि बनेको हो, र पुरुष स्त्रीको लागि होइन।" पूरा पाँचसय जना पत्नीहरु दाऊदको श्रीमतीहरु थिए, र यो एउटा चित्रण थियो। जब ख्रीष्ट हजार वर्षको राज्यमा सिंहासनमा बस्नुहुन्छ, उहाँको दुलही एउटा व्यक्ति हुनेछैन, तर त्यो दसौ हजारौ हुनेछ, दुलही, सबै एकमा हुनेछ। र दाऊदसंग धेरै श्रीमतीहरु थिए, एउटा व्यक्तिको रूपमा,

तर केवल ती सबै संगै उनको श्रीमती थिए। जस्तो कि विश्वासीहरुको सबै शरीर ख्रीष्टको दुलही हो, किनभने यो उनी हुन्, स्त्री। उहाँ एउटा पुरुष हुनुहुन्छ। अब, हामीहरु ख्रीष्टको लागि बनेका थियौ। ख्रीष्ट हाम्रो लागि बन्नुभएको होइन।

138 त्यहि नै हामीले आज हाम्रा पाठ्यपुस्तकमा गर्न कोशिष गर्छौं, कि वचनलाई (जो ख्रीष्ट हुनुहुन्छ) हाम्रो पक्षमा पार्न खोज्छौ, ना कि हामीले आफैलाई चाहि वचनको पक्षमा पार्न कोशिष गर्छौं। त्यो भिन्नता हो।

139 जब एउटा पुरुषले परिवारबाट एउटा निश्चित केटि रोज्छ, ऊ सुन्दरतामा भर पर्नु हुँदैन, किनकि सुन्दरता भ्रामक हुन्छ। र सुन्दरता, आधुनिक संसारिक सुन्दरता, शैतानको हो।

"ओ," म कसैले त्यहाँ बाहिर भनेको सुन्छु, "यहाँ साबधानी हुनुहोस्, प्रचारक!"

140 म भन्छु कि यी कुराहरु यस पृथ्वीमा, जसलाई सुन्दर भनिन्छ, बिल्कुल शैतानको हो। म यो तपाईलाई साबित गर्छु। त्यसपछि, यस अभिव्यक्तिको प्रकाशमा, आउनुहोस् परमेश्वरको पवित्र वचन खोजौ, यो हेर्नको लागि कि यो सहि हो या होइन। र तपाईहरु मध्ये केहि महिलाहरु यति राम्री बन्न चाहनुहुन्छ! हेर्नुहोस् यो कहाँबाट आउँछ। शुरूमा, हामीले पाउछौ कि शैतान यति सुन्दर थियो कि उसले स्वर्गदूतहरुलाई धोकामा पार्यो। र तिनीहरु मध्ये ऊ सबैभन्दा सुन्दर स्वर्गदूत थियो। देखाउछ कि, यो शैतानमा राखिएको छ। हितोपदेशले भनेको छ, "सुन्दरता व्यर्थ हो।" त्यो सहि हो। पाप सुन्दर छ। निश्चित रूपमा, यो छ। यो आकर्षक छ।

141 म तपाईलाई सोध्न चाहन्छु, र तपाईलाई यहाँ केहि भन्न चाहन्छु। केहि मिनेटको लागि, तपाईले ध्यान दिएको म चाहन्छु। संसार भएका सबै प्रजातिहरु, चराहरु, जनावरहरु मध्ये, हामीले पाउछौ कि पशुको जीवनमा, मानव जाति भन्दा बाहेक सबैमा, यो भाले चाहि सुन्दर हुन्छ, पोथी होइन। किन त्यो? हेर्नुहोस्...हरिणलाई हेर्नुहोस्, आफ्नो—आफ्नो सिङ भएको ठूलो हरिण, र सानो पोथी हरिण। कुखुरा—लाई हेर्नुहोस्, धब्बा भएको कुखुरा, र ठूलो सुन्दर-पखेटा सहितको भाले कुखुरा। भाले चरालाई र पोथी चरालाई हेर्नुहोस्। रङ्गीन हाँसलाई र पोथीलाई हेर्नुहोस्। बुझ्नुभयो? त्यहाँ संसारमा एउटा पनि प्रजाति छैन, जुन बनाईएको छ, जसले धोखा दिन सक्छ र महिला जत्तिकै तल झर्न सक्दछ।

142 अब, बहिनी, उठेर बाहिर नजानुहोस्। हामीले यसको अन्तिम नसुनेसम्म पर्खनुहोस्। बुझ्नुभयो? बुझ्नुभयो?

143 त्यहाँ केहि पनि छैन, एउटा महिला भन्दा बाहेक कुनै स्त्री छैन, जो अनैतिक हुनसक्दछ। तपाईले एउटा कुकुरलाई "एउटा वेश्या" बोलाउनुहोस्, तपाईले एउटा सुँगुरलाई "एउटा—एउटा बीउ" बोलाउनुहोस्, तर, नैतिक रूपमा, त्यहाँ भएका आधा जस्तो चलचित्रका ताराहरु भन्दा तिनीहरु बढि नैतिकवान छन्। तिनीहरु नैतिक बाहेक अरु केहि हुन सक्दैनन्।

144 र महिला नै एक थियो जो विकृतिको लागि, परीवर्तन भएकि थिईन्। त्यो सहि हो। हेर्नुहोस् सुन्दरताले उसलाई कहाँ लग्यो? अब, त्यसैकारणले नै त्यो, आज, हामीले पाउछौ कि महिलाहरु सुन्दरतामा बढेका छन्। तपाईले पर्ल ब्रायनलाई लिनुहोस्, के तपाईले कहिल्यै उनको तस्बिर हेर्नुभएको छ? अमेरिकाको महान सौन्दर्य मानिन्छ। त्यहाँ कुनै विद्यालयबाट त्यहाँ एउटा पनि विद्यालयका बच्चाहरु छैनन् तर उसलाई एउटा—एउटा पछाडिको पंक्तिमा के हुन्छ। के तपाईलाई थाहा छ त्यो त्यस तरिकामा हुनपर्नेथियो? के तपाईलाई थाहा छ कि बाईबलले यसरी नै हुनेछ भनेर बोल्छ भन्ने?

145 के तपाईलाई थाहा छ पटक शुरूमा महिलाहरु द्वारा नै आयो? र पतन...अन्त्य उही तरिकामा समाप्त हुँदै छ, महिलाहरु अधिकारमा आउदैछन् र पुरुषहरुमाथि शासन गर्दैछन्, र त्यस्तै नै गर्दैछन्। तपाईलाई थाहा छ कि धर्मशास्त्रले त्यो भन्छ? तपाईलाई थाहा छ, जुन दिन उसले पुरुषको लुगा पहिरिन्छ, र उसको केश काट्छ, सबै ती कुराहरु परमेश्वरको वचनको विपरित छन्। र तपाईलाई थाहा छ उसले मण्डलीको चित्रण गर्छ? महिलाहरुले के गर्दैछन् भनि जब तपाईले हेर्नुहुन्छ, मण्डलीले के गर्दैछ भनि तपाईले देख्नुहुनेछ। त्यो एकदम सहि हो। अब, अब, यो उत्तिकै सत्य छ जत्तिको परमेश्वरको वचन सत्य छ।

146 अरु कुनै महिला बनाएको छैन जो एउटा महिला जत्तिको पतन हुनसक्छ। र अझै पनि, त्यसद्वारा, बनाईएको रुपले–...

147 उनी सक्कल सृष्टिमा थिईनन्। अन्य सबै पोथीहरु सक्कल सृष्टिमा थिए: चराहरु, भाले र पोथी; जनावर, भाले र पोथी। तर, मानव जीवनमा, परमेश्वरले केवल पुरुषलाई बनाउनुभयो, र उहाँले उसबाट लिनुभयो। र एउटा महिला एउटा पुरुषको उप–उत्पादन हो, किनभने परमेश्वरले त्यस्तो

कुरा स्थापित गर्नुभएन। धर्मशास्त्रमा खोज्नुहोस्। एकदम सहि हो। परमेश्वर, होइन, श्रीमान्, उहाँको सक्कल सृष्टिमा। उनी त्यहाँ बाहिर राखिएकी थिईन्।

148 तर यदि उसले आफैलाई सहि गरि सम्हाल्न सक्छिन् भने, उनीसंग पुरुषमा भन्दा कति धेरै ठूलो इनाम हुन्छ। उनी एउटा जाँचको मैदानमा राखिएकी छिन्। उनीद्वारा मृत्यु आयो। उनी सबै मृत्युको दोषी हुन्। तर त्यसपछि परमेश्वर फर्कनुभयो र फेरी जीवन फिर्ता दिनको लागि एकजनालाई प्रयोग गर्नुभयो; उहाँको पुत्रलाई महिलाको मार्फतबाट ल्याउनुभयो, एउटा आज्ञाकारी केटि। तर एउटा खराब चाहि—त्यहाँ भएको खत्तम चाहि; त्यहाँ त्यो भन्दा तल्लो केहि पनि हुनसक्दैन।

149 कयिन, शैतानको छोराले, सोच्यो कि परमेश्वरले सुन्दरता स्विकार्नुभयो। उसले आज त्यो गर्छ। कयिन शैतानको छोरा थियो। "ओ, अब!" तपाई भन्नुहुन्छ। हामीहरु त्यसमा विस्तृतमा जाँदैनौ, तर केवल तपाईको लागि मलाई यो टुंग्याउन दिनुहोस्। बाईबलले भनेको छ कि ऊ "शैतानको थियो।" त्यसैले, त्यसले मामिला निप्ट्याउछ। ठिक छ। अब, ऊ शैतानको छोरा थियो। र उसले त्यो सोच्यो कि, वेदीमा ल्याएर र यसलाई आराधना गर्नको लागि वास्तवमै सुन्दर बनाएर, जसलाई परमेश्वरले आदर गर्नुहुनेछ।

150 तिनीहरुले सोच्छन्, आज यहि चिज सोच्छन्। निश्चित रूपमा। यो, "हामीले एउटा ठूलो भवन बनायौ। हामीसंग ठूला संगठित मण्डलीहरु हुनेछ। हामी ठूलो भवन र सुकिला–लुगा लगाएका मानिसहरु, सबैभन्दा सभ्य पादरीहरु बनाउनेछौ।" कहिले काहि परमेश्वर यसबाट एक करोड मिल टाढा हुनुहुन्छ। त्यो सहि हो। अझै पनि, यो एउटा मण्डली हो।

151 त्यसैले, यदि परमेश्वरले केवल आराधना, इमानदारिता, बलिदानको आदर गर्नुहुन्छ भने, कयिन हाबिल जत्तिकै नै थियो। तर यो प्रकाशद्वारा हो, कि उसले बुझ्यो कि त्यो स्याउ थिएन जुन उसको अभिभावकले खाएको थियो।

152 म यहाँ केहि कुरा भन्न जाँदैछु जुन एउटा सेवकको लागि राम्रो सुनिदैन, तर म यो भन्न गईरहेको छु, जे भए पनि। म यी अरुले कुरा भनेको सुन्छु, त्यसैले म...सानो चुट्कीला भन्दै थिए, र मेरो मतलब यो होइन। मैले यो भने, यद्धपि, "यदि स्याउ खानाले महिलाहरुलाई आफु नग्न भएको समझ दिन्थ्यो भने, हामीले बरु फेरी पनि स्याउ दिएको बेस हुन्छ।" बुझ्नुभयो?

बुझ्नुभयो? अँ–ह। मलाई त्यसको लागि माफ दिनुहोस्, तर यो भने ताकी यो परिवर्तन हुनेछ। मैले तपाईलाई यहाँ बाँधेको छु, र महिलाहरुको बारेमा बोल्दै, र अन्य त्यस्तै। म—म—म जे आउन लागेको छ त्यसको लागि, तपाईलाई एक मिनेटको लागि आराम गराउन चाहन्छु। अब, ध्यान दिनुहोस्, तपाई...यो स्याउ थिएन। हामीलाई त्यो थाहा छ।

153 यी दिनहरुमा मण्डली भएको छ, आफ्नो उपलब्धिसंग, अन्य मानव निर्मित उपलब्धिहरु जस्तै, यो वैज्ञानिक बनिरहेको छ। तिनीहरुले तस्बिरहरु र ठूला मिनारहरुद्वारा, एउटा वैज्ञानिक मण्डली बनाउन खोज्दैछन्। र यो धेरै नै नराम्रो हो कि पेन्टिकोष्ट त्यो बाटोमा गए। तपाई बरु खैंजडीका साथ, तल कुनामा बसेर, परमेश्वरको आत्मा तपाईको वरिपरी भएको बेस हुन्छ। तर तपाई बाँकी रहेका अन्य संग तुलना गर्न खोज्दै हुनुहुन्छ, किनभने तपाई संगठित हुनुभयो। त्यसले यो गरेको छ। बुझ्नुभयो? मण्डलीहरु वैज्ञानिक बन्न कोशिष गर्दैछ।

154 र याद गर्नुहोस्, जसरी मानिसले विज्ञानद्वारा प्रगति हाँसिल गर्दैछ, उसले आफैलाई दिनहु मार्दैछ। जब उसले गन पाउडर आविष्कार गर्यो, हेर्नुहोस् यसले के गर्यो। जब उसले अटोमोबाईल आविष्कार गर्यो, यसले गन पाउडरले भन्दा बढि मार्छ। अब उसले आफ्नो लागि हाईड्रोजन बम बनायो। सोच्नुहोस् उसले त्यसले के गर्नेछ? सहि हो।

155 र मण्डली पनि त्यस्तै नै छ, जसरी यसले विज्ञानद्वारा, मानव–निर्मित योजनाद्वारा हासिल गर्न खोज्छ, यसले तपाईलाई परमेश्वरबाट अझै टाढा, अनि मृत्युमा लैजाँदैछ, यो पहिलो पटक भएको भन्दा बढ्ता गरि। त्यो सहि हो। तपाईको मण्डलीलाई उही तरिकामा नरोज्नुहोस्, जसरी तपाईले आफ्नी पत्नीलाई गर्नुभयो। बुझ्नुभयो? विज्ञानले उसको लागि जे गर्यो त्यो महान थियो, तर तपाईले आफ्नो मण्डलीबाट यसलाई टाढा राखेको उत्तम हुन्छ; उसले रंगहरु, पाउडर, र यी सबै अन्य कुराहरु बनायो। उहाँको वचनको चरित्र अनुसार चुन्नुहोस्।

156 अब आउनुहोस् आजको प्राकृतिक दुलहीलाई आजको तथाकथित मण्डली दुलहीसंग तुलना गरौ। एउटा महिलालाई तुलना गर्नुहोस्, जो आज विवाह गर्न जाँदैछ।

157 अब, केवल हेर्नुहोस् विज्ञानले उनको निम्ति के गरिदिएको छ। उनी बाहिर आउँछिन्, पहिलो त, उनको केश काटेर, यी मध्ये एउटा ज्याकलिन

केन्नेडी कपालको साथ, हेर्नुहोस्, वा केहि त्यस्तै खालको। र तपाईलाई थाहा छ बाईबलले के भन्छ? बाईबलले वास्तवमा एक पुरुषलाई, यदि उसले चाहन्छ भने, उनलाई विवाह विच्छेदमा राख्ने अधिकार दिन्छ, यदि उनले त्यसो गरिन् भने। "उनी एक अपमानित महिला हुन्, जसले आफ्नो केश काट्छिन्।" बाईबलले त्यसो भन्छ। सहि हो। त्यो थाहा थिएन? हँ? ओ, हो! तपाईलाई थाहा नहुनको निम्ति मैले क्यालिफोर्नियामा तपाईको निम्ति धेरै प्रचार गरे। त्यो सहि हो। ओ, हो! त्यसले मलाई के भलो गर्यो? तिनीहरुले यो गर्छन्, जसरी पनि। तपाईले सुँगुरलाई लिएर त्यसको नाम परिवर्तन गरेर, एउटा भेडा बनाउन सक्नुहुन्न। ध्यान दिनुहोस्।

158 तपाईले यो पछि मलाई घृणा गर्न जानुहुनेछ, तर तपाईले सत्य चाहि जन्नुहुनेछ। बुझ्नुभयो?

159 हेर्नुहोस्। यसलाई तुलना गरौ। यहाँ उनी पूरै रंगरोगन सहित आउँछिन्, केहि त्यस्तो कुरा जुन उनी, एउटा आधुनिक दुलही होइनन्। उनको अनुहार धुनुहोस्, ऊ उनीबाट भाग्छ, शायद। तपाईलाई मर्ने गरि तर्साउछ, उनीबाट सबै कुरा निकालिदिनुहोस। र त्यस्तै नै एउटा ठूलो, अगाडि रंगाएको, एउटा धर्मशास्त्रीय अधिकतम कारक भएको मण्डली पनि छ। अँ–ह। दुवै तिनीहरुमा एउटा—एउटा सुन्दर, झुटो मुहार छ, मानव–निर्मित सुन्दरता र परमेश्वरले बनाउनुभएको सुन्दरता होइन। न त दुवैमा चरित्र नै छ।

160 ध्यान दिनुहोस्, शैतान जस्तै, धोका दिनको लागि पर्याप्त, आधुनिक दुलहीलाई उनीसंग अब तुलना गर्नुहोस्: छोटा कपडा लाउछे, रंग लगाउछे, आफ्नो कपाल काट्छ, पुरुष जस्तो देखिने लुगा लगाउछ, र त्यो एउटा पाष्टरलाई सुन्छ जसले उनलाई त्यो सबै ठिक हो भनेको छ। ऊ एउटा धोकेबाज हो। उसले यसको लागि बाहिरका क्षेत्रहरुमा भोग्ने छ। त्यो सहि हो। धोका दिनको लागि त्यो गर्नु, केहि त्यस्तो हुनको लागि जो उनी होइनन्।

161 त्यो तरिकामा मण्डलीले गर्छ, ठूलो डिडी., पीएच.डि, एलएल.डि लिन्छ। त्यसैले तपाईले भन्नुहुन्छ, "हाम्रो पाष्टर *यो* हो, *त्यो* हो, र *अर्को* हो," शायद परमेश्वरको बारेमा यत्ति पनि जान्दैन होला जत्तिको एउटा होटेनटटले मिश्रीहरुको रातको बारेमा जान्दछ। त्यो सहि हो। ठिक हो। केहि धर्मशास्त्रीय सेमिनारीको अनुभव सहित त्यहाँ बाहिर आउछ, र परमेश्वरको बारेमा अरु जत्ति पनि जान्दैन।

162 आधुनिक मण्डली र तिनीहरुको इश्वर्शास्त्रीय रंग, हम, तिनीहरुको सबै महिलाहरुलाई तिनीहरुको महिमा खौरिएको अवस्थामा राखेका छन्, तिनीहरुको केहि रिकी र तिनीहरुले पाएका एउटा पाष्टर द्वारा, एउटा इजिबेल जस्तै यदि त्यहाँ कुनै हुन्थ्यो भने। काटिएको कपाल, कट्टु, रंग, सबैकुरा धर्मशास्त्रीय स्वादमा राखिएको छ, त्यो तरिकामा मण्डल उभिन्छ। सहि हो। तर उनको चरित्र चाहि त्यो घर बनाउने भन्दा धेरै टाढा छ जसलाई येशू ख्रीष्टले ग्रहण गर्न आउदै हुनुहुन्छ।

163 यदि कुनै पनि इसाईले त्यस्तो एउटा महिलालाई विवाह गर्छ भने, यसले यो देखाउछ कि त्यो मानिस अनुग्रहबाट पतित भएको छ। उसको परमेश्वरको स्वाद र उसको एउटा घरको स्वाद, घर कस्तो हुनपर्छ, त्यो भन्दा धेरै टाढा हुन्छ, जब उसले त्यस्तो खालको एउटा महिलालाई चुन्छ। होइन, श्रीमान। उनी निश्चित रूपमा एउटा इसाई स्वादमा अटाउन सक्दैन। उनको आत्मिक चरित्र संसारको साम्प्रदायिक सौन्दर्य र अभिलाषामा सबैभन्दा निम्न, मृत, तल्लो स्तरमा छ।

164 ठिक त्यहिनिर आज मण्डली उभिएको छ, एउटा वैज्ञानिक मानव–निर्मित धर्मको लागि, उनको वचनरूपी चरित्र शैतानलाई बेचिदिएको छ। जब, उनीसंग अधिकार थियो, परमेश्वरको एउटा मण्डलीको रूपमा, परमेश्वरको वचनमा रहन र पवित्र आत्मा बीचमा काम गर्न, शरीरलाई परमेश्वरको वचन र प्रेममा संगै जोडिनको निम्ति। त्यसो गर्नको सट्टामा, उनले आफ्नो जन्म अधिकार बेचिन्, एसावले जसरी, र एउटा संगठित मण्डली लिईन्, उनलाई यो गर्न दिईयो, उनलाई जे गर्न मन लाग्यो गर्यो, सहि हो, केवल लोकप्रिय हुनको लागि जसरी उनकि आमाले नाईसिया, रोममा गरेकी थिईन्। परमेश्वरको वचन!

165 ओ, कसरी यो हाम्रो पेन्टिकोष्टल क्षेत्र भित्र प्रवेश गर्यो! यो एकदम खराब हो, तर यसले यो गर्यो।

166 ध्यान दिनुहोस्, केवल एक मिनेट, क्याथोलिक मण्डलीमा एउटा सन्यासी। त्यस महिला, सन्यासी बन्नको लागि, र अन्तिम घुम्टो लिन्छिन्, उनी बिल्कुलै त्यो मण्डलीको निम्ति बेचिएकी छिन्। उनी (प्राण, शरीर, र आत्मा) मण्डलीको सम्पत्ति हुन्। उनीसंग आफ्नै मन छैन। उनीसंग हुन सक्दैन, जब उनले त्यो अन्तिम घुम्टो लिन्छिन्, उसको आफ्नै मन हुदैन,

उनको आफ्नै इच्छा हुदैन। यहाँ बाहिर हेर्नुहोस्, त्यो शैतानले तिनीहरुलाई आफ्नो फर्जी बनाउछ, सत्य जस्तो गरि।

167 परमेश्वरको सत्य मण्डली, दुलही, उहाँमा र उहाँको वचनमा बेचिएकी छिन्, जबसम्म ख्रीष्टमा भएको मन तपाईमा आउदैन। कति भिन्नता!

168 र आज हामीले पाउँछौ, कि, आधुनिक मण्डली, एउटा आधुनिक विश्व मण्डली, आधुनिक विश्व मण्डली र साथसाथै त्यो आत्मिक मण्डली दुवै गर्भवती छन्, छोराहरुलाई जन्म दिनको लागि।

169 ती मध्ये एक, एउटा संगठित मण्डलीको जन्म, दिन जाँदैछ, एक... दिन, आज...यी दिनहरुमा, विश्व मण्डलीहरुको सभामा, जसले संसारलाई एउटा ख्रीष्ट विरोधी उत्पादन गर्नेछ, एउटा संगठित मण्डलीद्वारा। त्यो एकदम सत्य हो। यो देख्नको लागि म नबाँचुला। म विश्वास गर्छु म हुनेछु। तर, तपाई जवान मानिसहरु, याद गर्नुहोस् कि एउटा सेवकले त्यसो भएको तपाईले सुन्नुभएको छ। त्यो अन्ततः हुन आउनेछ। र त्यो पशुको छाप हो, जब उनले त्यो विश्व मण्डलीहरुको सभा बनाउनेछ। र उनले उनको छोरा ख्रीष्ट विरोधीलाई, जन्म दिनेछ।

170 अर्को चाहि परमेश्वरको वचनद्वारा गर्भवती भएको छ र शरीर ल्याउनेछ, येशू ख्रीष्ट सकिएको शरीर, जो दुलही हो। ख्रीष्टको शरीर अझै पनि पूर्ण भएको छैन। कतिजनालाई त्यो थाहा छ? एउटा पुरुष र महिला एक हुन्। र ख्रीष्ट एउटा शरीर, वचन हो। दुलही त्यस शरीरको बाकि अङ्ग हुनुपर्दछ। र दुईजना, संगै मिलेर, फेरी एउटा शरीर बनाउदछ। जसरी आदम शुरूमा थियो: मानिस, उसको पत्नी, एक थिए। अब, उनी, साँचो दुलही, यति उहाँमा बेचिईन्, कि उनले आफ्नो दिमाग प्रयोग गर्दिनन्। उहाँको दिमाग, अवश्य, उहाँको इच्छा हो, र उहाँको इच्छा चाहि उहाँको वचन हो।

171 अब मानिसद्वारा चुनिएको तथाकथित दुलही हेर्नुहोस्, र आत्मिकलाई आजको प्राकृतिकसंग तुलना गर्नुहोस्, एउटा आधुनिक इजिबेल उनको अहाबद्वारा मोहित, अधिकतम कारक सुन्दरताहरु, सबैकुराहरु। मण्डलीलाई हेर्नुहोस्, उही तरिकामा, तर जीवित परमेश्वरको वचनको लागि एउटा वेश्या; ठूला संगठित मण्डली, ठूला भवनहरु, ठूला पैसा, ठूला तलब, सबै बिक्यो। ती सबै ठिक छ भनि अनुमोदन गर्दै पुल्पिटमा उभिएका पुरुषहरु, र तिनीहरुलाई यसबाट जान दिन्छन्। केवल छल, त्यो नै सबै हो। साचै नै एउटा अन्धो लाउडिकीया मण्डलीको युग, ठिक त्यस्तै नै जस्तो

बाईबलले हुनेछ भनेको छ। “भन्यो, ‘म धनि छु। म एउटा रानी जसरी बस्दछु। मलाई केहि कुराको खाँचो छैन।’ र तिमीलाई थाहा छैन कि तिमी गरीब, दरिद्र, अन्धो, दुखी, नाङ्गो, छौः र यो जान्दैनौ।” यदि त्यो परमप्रभु यसो भन्नुहुन्छ होइन भने, प्रकाश ३, मैले यो कहिल्यै पढेको छैन। उनी त्यहि नै हो, र यो जान्दिनन्! यसको बारेमा सोच्नुहोस्।

172 यदि तपाईले बाटोमा भएको, एउटा पुरुष वा महिलालाई भन्नुहुन्छ, जो नाङ्गो थियो, र तिनीहरु नाङ्गा छन् भनि भन्नुहुन्छ, र तिनीहरुले भन्छन्, “आफ्नो काममा ध्यान गर,” किन, त्यहाँ कतै एउटा मानसिक कमी छ। त्यहाँ उनीहरुको दिमागमा केहि खराबी छ।

173 र जब तपाईले परमेश्वरको वचन पढ्न सक्नुहुन्छ, कसरी ती मानिसहरुले गर्नुपर्छ, र यो पवित्र आत्माको बप्तिष्मा जुन हामीसंग आज छ, र, मानिसहरु, किन, तिनीहरुले तपाईलाई तपाई पागल भएको जसरी हेर्छन्। तपाईले तिनीहरुलाई भन्नुहोस् “तपाईले...” तिनीहरु नयाँ गरी जन्मनुपर्छ। तिनीहरुले बाईबललाई विश्वास गर्नुपर्छ।

174 तिनीहरु भन्छन्, “त्यो एक यहूदीको कथा हो, धेरै वर्षको लागि। हाम्रो मण्डलीसंग बाटो छ।” दरिद्र, लछार, अन्धो, नाङ्गो छ, र यो थाहा पनि पाएको छैन। कति एउटा...र बाईबलले भनेको छ कि तिनीहरु यस्तो अवस्थामा जान्छन्।

कसरी एउटा सच्चा अगमवक्ताले यो देख्नबाट चुक्न सक्छ? मलाई थाहा छैन।

175 हाम्रा सबै मण्डलीहरुमा, जताततै बग्दै। केवल यसलाई हेर्नुहोस्, बस आधुनिक चलनमा। “पुरानो वेश्या र छोरीहरु,” प्रकाश १७ को, “गरीब, अन्धो, दरिद्र” मानिसहरुलाई उसको धर्मशास्त्रीय सिद्धान्तहरु दिँदै जुन परमेश्वरको वचनको विपरित छ। “र उनमा तिनीहरुले दासहरुक प्राणहरु पाए, र सबै ठाउँमा पुरुष र—र महिलाहरु।” मानिसलाई आकर्षण गर्नको सट्टा...

176 परमेश्वरले आफ्नो वचन प्रमाणित गर्नुहुन्छ, जसले मानिसहरुलाई आकर्षण गर्छ। उहाँले मण्डलीका ती मानिसहरुलाई आकर्षण गर्नुहुँदैन जो ठूला संगठन र ठूला कामहरुले आकर्षित हुन्छन्, र महान ठूला कुराहरु र सुन्दर कुराहरुले। तर परमेश्वरको वचनले ख्रीष्टको दुलहीलाई आकर्षित गर्छ।

177 अब ध्यान दिनुहोस्। यो ध्यान दिनुमा—रोचक छ कि—कि कसरी मण्डलीले मानिसहरुको ध्यान आकर्षण गर्न कोशिष गर्छ राम्रा कपडाहरु र पोशाक सहितको गायन समूहरु, र कपाल काटेका महिलाहरु र रंग्याएका मुहारहरु। र तिनीहरुले सोच्छन्...र यसले स्वर्गदूतले भैँ गरी गएको छ। शैतानले जस्तै झुटो, हर रात नाच्नको लागि कुद्छ, यसको बारेमा केहि पनि सोच्दैन। र यो नै तिनीहरुले सोच्छन्, "यो ठिक छ। त्यो सुन्दर छ।" तर, तपाईले देख्नुहुन्छ, त्यो झुटा हो। त्यो परमेश्वरको वचन होइन।

178 जबकी, सच्चा दुलहीले परमेश्वरको ध्यान आकर्षण गर्छ, उहाँको वचनलाई पुरा गरेर। अब ध्यान दिनुहोस्। अब हामी ख्रीष्टलाई ध्यान दिऔं।

179 तपाई भन्नुहुन्छ, "ठिक छ, अब, एक मिनेट पर्खनुहोस्, तपाईले भनिरहेको सुन्दरताको बारेमा चाहि के हो त?"

180 बाईबलले भनेको छ, यशैया ५३:२ मा, कि, जब येशू आउनुहुन्छ, "त्यहाँ उहाँमा कुनै सुन्दरता थिएन, जुन हामीले चाहन्छौ।" त्यो सहि हो? त्यहाँ कुनै सुन्दरता थिएन। यदि उहाँ संसारिक सुन्दरतामा आउनुहुन्थ्यो भने, जस्तो शैतान आज छ, मानिसहरु उहाँको वरपर कुद्थे र तिनीहरुले आज मण्डलीलाई गरेको जसरी ग्रहण गर्थे। तिनीहरुले उहाँलाई विश्वास गर्थे, उहाँलाई ग्रहण गर्थे, जसरी तिनीहरुले आज शैतानलाई गरेका छन्। अवश्य पनि, तिनीहरुले गर्थे। तर उहाँ त्यो किसिमको सुन्दरतामा आउनुभएन, तर उहाँ जहिल्यै पनि चरित्रको सुन्दरतामा आउनुहुन्छ। त्यहाँ, ख्रीष्ट सुन्दर, महान, बलियो, शक्तिशाली मानिस हुनुहुन्न थियो। परमेश्वरले त्यो प्रकारको चुन्नुहुन्न।

181 म सम्झन्छु एक पटक एउटा अगमवक्ताले—एउटा राजालाई लिन गए, यिशैको छोराबाट राजा बनाउनको लागि, अर्को राजा, शाऊलको ठाउँ लिनको लागि। र त्यसैले यिशै उसलाई लिएर आयो, उसको महान, ठूलो, राम्रो केटो। उसले भन्यो, "मुकुट उसको शिरमा, तिह्क देखिनेछ।"

182 अगमवक्ता उसमा तेल खन्याउनको लागि गए। उसले भन्यो, "परमेश्वरले उसलाई अस्वीकार गर्नुभएको छ।" र उसले ती मध्ये सबैलाई अस्वीकार गर्यो, तब ऊ एउटा सानो, पुरानो बुढो काँध भएको, रुखो देखिने सानो केटोमा पुगे। र उसले उनी माथि तेल खन्याए, र उसले भन्यो, "परमेश्वरले उसलाई चुन्नुभएको छ।" बुझ्नुभयो? हामीले दृष्टि द्वारा चुन्छौ। परमेश्वरले चरित्रद्वारा चुन्नुहुन्छ।

183 चरित्र, त्यहाँ येशू ख्रीष्ट जस्तो चरित्र कहिल्यै पनि थिएन। यो तपाईमा जिउँदछ र उहाँलाई प्रकट गर्दछ। यो सत्य हो भनि देख्छौ। यो उहाँको संसारीक सुन्दरता होइन जसले उहाँको दुलही आकर्षण गर्छ। यो उहाँको चरित्र हो, मण्डलीको चरित्र, जसलाई येशूले हेर्नुहुन्छ; जहाँ यो ठूला भवनहरु छन्, जहाँ ठूला संगठनहरु छन्, जहाँ यसको ठूलो सदस्यता छ त्यहाँ होइन। उहाँले जहाँ दुई वा तिन जना संगै भेला हुन्छन् त्यहाँ भेट्ने प्रतिज्ञा गर्नुभएको छ। साचै। त्यहि नै हो जहाँ साँचो विश्वासीले आफ्नो आशाहरु राख्छन्, जहाँ परमेश्वरको वचन सत्यतामा प्रमाणित हुन्छ, जे हो। उहाँको वचनद्वारा छान्नुहुन्छ, संसारीक–मोह भएको समूहले होइन। तिनीहरुले त्यो घृणा गर्छन्।

184 उनी उहाँबाट सम्बन्ध विच्छेद हुनुमा कुनै आश्चर्यछैन, किनभने उनले उहाँको प्रकाशलाई छुटाएकि छिन्, र उनीसंग यो छैन। उहाँले उसको वास्ता गर्नुहुँदैन, जुन तरिकामा उनले व्यवहार र कार्य गर्छिन्, र कतिसम्म यो संसारीक कुरा उनमा छन्।

185 उहाँले उनमा चरित्र हेर्दै हुनुहुन्छ, ख्रीष्टको चरित्र। अब, केवल एक क्षण अब। यो नै हो। उहाँले आफ्नो चरित्र प्रतिबिम्ब गर्नको लागि दुलही चुन्नुहुन्छ, जसलाई आजका आधुनिक मण्डलीहरुले पक्कै पनि छुट्टाएका छन् उहाँ—उहाँको कार्यक्रम यहाँ, दस लाख मिल, किनभने तिनीहरुले *यो* सत्य हो भन्ने कुरा इन्कार गर्छन्। त्यसैले यो कसरी हुन सक्छ? अब, उहाँले त्यो दिन हेर्दै हुनुहुन्छ जब त्यो दुलही बन्दछ, हिब्रू १३:८, ठिक त्यस्तै नै जस्तो त्यो थियो, जस्तो उहाँ हुनुहुन्थ्यो। यो उहाँको त्यहि मासु, उही हाड, उही आत्मा, उही सबैकुराहरु हुनुपर्दछ, ठिक उस्तै गरी बनाईएको, र तब ती दुई एक हुँदछन्। जबसम्म मण्डली त्यो बन्दैन, तिनीहरु एक हुँदैनन्। उहाँको चरित्र, वचन, यस युगको लागि, छाँटिनुपर्छ। उनी उहाँ जस्तै गरी छाँटिनुपर्छ।

186 अब, अन्तिममा, मैले यी कुराहरु भन्नुको कारण म भन्न चाहन्छु, र म—म बन्द गर्नेछु। अर्को रात, लगभग बिहानको तिन बजेतिर, म ब्युझिएको थिएँ।

187 म तपाईहरु मध्ये कसैले यो जवाफ दिनको लागि लिन्छु। के मैले प्रभुको नाममा तपाईहरु मध्ये जे सहि छ त्यो भन्दा बाहेक अन्य केहि भनेको थिएँ? यो सधै सहि भएको छ। त्यसैले मलाई सहायता गर्नुहोस्, परमेश्वर जान्नुहुन्छ

कि त्यो सत्य हो। भनिएको हजारौ कुराहरु मध्ये, त्यहाँ कोहि पनि छैन, संसारमा कहिँ पनि छैन, जहाँ उहाँले यसको एउटा बचन पनि टुटाउनुभएको होस्। सधै पूर्ण रूपमा यथार्थ हुन आएको छ।

188 यहाँसम्म कि जब म फिनिक्समा थिए, अर्को दिन, वा लगभग एक वर्ष अगाडि भएको थियो, र तपाईहरुलाई त्यो सन्देशको बारेमा भनेको—थियो *यो कुन समय हो, श्रीमानहरु?* र तपाईलाई भनेको थिए, "सात स्वर्गदूतहरु त्यहाँ बाहिर भेट्ने छन्," र यी मोहोरहरुको उद्घाटन हुनेछ, र के। र—त्यहाँ *लाईफ* पत्रिकाले यसको लेख राख्छ। यो ठूलो आगो जुन हावामा माथि जाँदैछ, तिस मिल उच्चमा, सत्ताईस मिल पारी। तिनीहरुले भने यो के हो भनि तिनीहरुले पत्ता लगाउन सकेनन्; अझैसम्म थाहा छैन। र पुरुषहरु आजराति यस भवनमा हो बसिरहेका छन्, उनीहरु ठिक त्यहाँ मसंग उभिरहेका थिए जब त्यो घटना भयो, ठिक यसले भनेको जस्तै थियो। उहाँले भन्नुभएको थियो कि यो घटना घट्न जाँदैछ, र ठिक त्यस्तै नै घट्यो। कसरी ती हरेक मोहोरहरु खोलियो, र रहस्यहरु भनियो जुन सुधारका युगहरु र अन्य त्यस्तै समयबाट लुकाईएर राखिएको थियो, पूर्ण रूपमा भयो।

189 कसरी, पहाडको टुप्पोमा उभिएर, पुरुषहरु, उभिने तिन वा चारजना ठिक अहिले यहाँ उपस्थित छन्, हो, त्यो भन्दा पनि बढि छन्। माथि डाँडामा जाँदै, पवित्र आत्माले भन्नुभयो, "त्यो चट्टान उठा।" हामीहरु शिकार गर्दै थियौ। उहाँले भन्नुभयो, "माथि हावामा फाल, र भन्, 'परमप्रभु यसो भन्नुहुन्छ।'" मैले गरे। तल त्यहाँबाट हावाको सानो घुमौरो आयो। मैले भने, "चौबिस घण्टा भित्रमा, तिमीले परमेश्वरको हात देख्नेछौ।" त्यहाँ बसेका पुरुषहरु ठिक अहिले यहाँ उपस्थित छन्।

190 अर्को दिन, करिब दस बजे, त्यहाँ उभेर, मैले भने, "तयार होऊ। त्यहाँ कार भित्र जाऊ," एक दिग्गज। मैले भने, "केहि कुरा हुन गईरहेको छ।" यो सफा आकाश थियो, ठिक माथि ठूलो घाटीमा। स्वर्गबाट तल एउटा आगोको चक्रवात आयो, यो कराउन सक्नेसम्म कडा, पर्खाललाई त्यसरी हान्यो। म—म ठिक यसको तल उभिरहेको थिएँ। मैले मेरो टोपी खोले, मेरो शिर स्थिर राखे। यो लगभग मेरो तिन फिट वा चार फिट माथि आयो, र त्यो पर्खालको एउटा खाडललाई काट्यो, र विस्फोट भयो। र फर्केर माथि हावामा गयो, र चारैतिर घुम्यो, र तल आयो, तिन पटक,

यहाँसम्म कि मेस्किट झाडीको टुप्पो पनि, दुईसय गजसम्म काटेको थियो। ती साथीहरुले भनिरहेको सुने, “आमेन”? तिनीहरु त्यहाँ थिए जब यो भएको थियो, हेर्नुहोस्, र तिनओटा विस्फोट भयो।

191 जब तिनीहरु कारहरुको मुनि र सबैकुराबाट बाहिर निस्किए, फर्केर आए, भने, “त्यसले तपाईलाई हान्ने थिएन, त्यहाँ चिल्लो ठाउँ हुने थिएन।”

192 मैले भने, “यो—यो उहाँ हुनुहुन्थ्यो। उहाँ मसंग बोल्दै हुनुहुन्थ्यो।” परमेश्वर चक्रवातसहित बोल्नुहुन्छ। बुझ्नुभयो? र त्यहाँ उही आगोको स्तम्भ थियो जुन तपाईले तस्बिरमा त्यहाँ उभिरहेको, देख्न सक्नुहुन्छ।

र जब यो माथि गयो, तिनीहरुले भने, “यो के हो?”

मैले भने, “न्यायले पश्चिमी तटमा प्रहार गर्दैछ।”

193 त्यहाँबाट दोश्रो दिन, अलास्का डुब्न थाल्यो। बुझ्नुभयो? यसले एकपटक प्रहार गर्यो, त्यहाँ, पहिलो झट्का।

194 कहाँ, तपाईले केहि गर्नुपर्दछ, यसलाई प्रतिक गर्नको लागि। मानिसले एउटा क्रुजमा नून हालेर, पानीमा फालेको जस्तो हो, र भन्यो, “परमप्रभु यसो भन्नुहुन्छ, त्यहाँ मिठो पानी होस्।” र अर्को एउटा, येशू, पानी उठाउनुभयो र भाँडोमा खन्याउनुभयो, र—र त्यसबाट दाखमद्य बनाउनुभयो।

195 तपाईसंग केहि कुरा हुनुपर्दछ, प्रतिक गर्नको निम्ति। त्यो नै थियो त्यो, त्यो माथि हावामा गयो र तल आयो। त्यो सानो चक्रवातबाट शुरू भयो। चौबिस घण्टा भित्रमा, यसले पहाडलाई तबसम्म हल्लाएको थियो जबसम्म त्यसले चट्टानलाई चारैतिर काटेन।

196 रेभ. मिस्टर. ब्लेर यहाँ बसिरहनुभएको छ, म अहिले ठिक उहाँलाई हेर्दैछु, उहाँ त्यहाँ माथि हुनुहुन्थ्यो र त्यो मध्येको केहि टुक्राहरु उठाउनुभयो, र इत्यादि। यहाँ टेरी सोथमन हुनुहुन्छ, तिनीहरु, र यहाँ उभिदै, र बिल्ली पल। र भाईहरु, यी मध्ये धेरै जना जो यहाँ बसिरहेका छन्, तिनीहरु ठिक त्यहाँ थिए यो घटना भएको हेर्न जब यसले त्यसलाई च्यात्यो।

197 त्यो काल्पनिक होइन। त्यो सत्य हो। त्यो पहिले को बाईबलका दिनहरुमा होइन। त्यो अहिले हो। बुझ्नुभयो? त्यो उही परमेश्वर जसले मलाई सधै यी कुराहरु देखाउनुभयो, र त्यो घट्न आयो, तिह्क अक्षर

अनुसार पूरा भयो। तिनीहरु कहिल्यै एकपटक पनि असफल भएको छैन। अहिले म उहाँमा घमण्ड गर्दैछु।

198 केहि हप्ता अगाडि, म एउटा दर्शनमा थिएँ। र म एउटा—एउटा उच्चा स्थानमा उभिरहेको थिएँ, र मैले मण्डलीको पूर्वदृष्य हेर्नु थियो। र मैले ध्यान दिएँ, मेरोबाट आईरहेको...म धेरै *यो* तरिकामा उभिरहेको थियो, पश्चिममा हेर्दै। र *यो* बाटोमा चाहि राम्री महिलाहरुको समूह थिए, सच्चै राम्रो पोशाकमा, पछाडि पट्टि राम्ररी लामो केश राखेको, स्लिभ, र स्कर्ट तलसम्म सफासंग। र तिनीहरु सबैजना मार्चको धुनमा थिए, जस्तो, "अगाडि, इसाई सिपाहीहरु, युद्धको लागि बढ्दै, येशूको क्रूसलाई अगाडि सार्दै।" र जसै तिनीहरु जाँदैछ, म उभिए, र त्यहाँ केहि कुरा थियो, कुनै आत्मा, परमेश्वर हुनुहुन्थ्यो, र भन्नुभयो, "त्यहाँ दुलही छ।" र मैले हेरे, र मेरो हृदय खुसी थियो। र उनी *यो* बाटो तिर गईन्, र मेरो पछिल्तिर गईन्।

199 केहि समय पछि, जब उनी *यो* बाटोमा आईन्, यसले भन्यो, "अब आधुनिक मण्डली पूर्वदृष्यमा आउनेछ।" र यहाँ एशियाली मण्डली आउछिन्। मैले कहिल्यै पनि त्यस्तो फोहोरी समूह देखेको थिएन।

200 यहाँ अन्य मण्डलीहरु आउँछ, विन्हिन्न राष्ट्रहरुको। तिनीहरुहरु भयानक देखिन्थे।

201 र म—म यो कारणले यो भन्छु किनकि म परमेश्वरको अगाडि, सत्य बताउनको लागि कर्तव्यबद्ध छु। र जब उहाँले भन्नुभयो, "यहाँ अब अमेरिकाको मण्डली आउँछ, पूर्वालोकनको निम्ति," यदि मैले कहिल्यै दुष्टको समूह देखेको थिए भने, यो त्यो थियो। ती महिलाहरु नाङ्गै थिए, त्यो पुरानो खैरो देखिने खालको कुराबाट, एउटा हात्तीको छालाको रङ्गजस्तो थियो। र तिनीहरुले यो आफ्नो अगाडि समातीरहेका थिए, यसमा कुनै माथिल्लो भाग थिएन। र तिनीहरुले यी खालका कामहरु गर्दै थिए, कि, यी—यी नाँचहरु जुन यी बच्चाहरुले यहाँ बाहिर गर्ने गर्छन्, ती घुमाउ र कुराहरु, र त्यो खालको संगीत गईरहेको थियो। र जब मैले मिस यु.एस.ए. देखे। माथि आईरहेको, म झन्डै बेहोस भएँ।

202 अब, यो परमप्रभु यसो भन्नुहुन्छ हो। यदि तपाईले म उहाँको दास हुँ भनि विश्वास गर्नुहुन्छ भने, तपाईले मलाई अहिले विश्वास गर्नुहोस्। म त्यो संसारमा केहिको लागि भन्न चाहन्न। त्यहाँ संसारमा पर्याप्त पैसा नै छैन जसले मलाई यो भन्ने बनाउन सक्छ यदि यो सत्य नभईदिएको भए।

203 र जब उनी आईन्, त्यो मैले देखेको सबैभन्दा घिनलाग्दो कुरा थियो। मैले सोचे, “परमेश्वर, जति कडा मेहनत हामी प्रचारकहरु र दाजुभाईहरुले तपाईले दुलही पाउनको लागि गरेका छौ, र हामीले गर्न सक्ने सबै भन्दा उत्तम नै त्यहि हो।” उनी बटारिदै थिईन्, उनको अगाडि *यो* पक्रदै, जस्तो कि यी मध्ये यो एउटा हुला स्कर्ट जस्तो कुरा थियो, उनको अंगहरुको अगाडि पक्रदै, उनको तल्लो अंग, *यसरी,* नाँच्दै र बटारिदै जस्तो कि यी बच्चाहरुले यहाँ बाहिर गर्छन्...यी अश्लील कार्यक्रमहरु जुन तिनीहरुसंग छ, घुमाउरो देखाउने। त्यो अमेरिकाको मिस इसाई थिईन्।

204 त्यसैले मलाई सहायता गर्नुहोस्, परमेश्वरको सहायताद्वारा, उहाँको अनुहारमा यो त्यस्तो खालको देखिन्छ। म—म केवल...म शुरू गर्छु...म बेहोस हुनसक्थे। मैले सोचे, “सबै कोशिष, प्रचार, र मनाउने?” ती मध्ये सबैजना छोटो केशमा, र तिनीहरु बटारिदै र जारी राख्दै, *यसलाई* अगाडि समात्दै। तिनीहरु वरपर आउछन्, जहाँ म त्यहाँ यस अलौकिक प्राणीसंग उभिरहेको थिए। मैले उहाँलाई देख्न सकिन। उहाँ मसंग बोलिरहनुभएको मैले सुन्थे; उहाँ ठिक मेरो वरपर हुनुहुन्थ्यो। तर जब तिनीहरु *यो* तर्फि घुमे, तिनीहरुले *यो* समात्थे। र केवल बटारिदै र हाँस्दै र जाँदै, त्यसरी नै जारी राख्दै, *यसलाई* तिनीहरुको अगाडिपट्टि समात्दै।

205 अब, म उहाँको उपस्थितिमा त्यहाँ उभिदै, र उहाँको दास, “मैले कोशिष गरेको मध्ये सबै, मैले गर्न सक्ने त्यति मात्रै हो?” मैले सोचे, “परमेश्वर, यसले मलाई के भलो गर्यो र? यसले के असल गर्यो? सबै रुने, विन्ती गर्ने, र मनाउने, र महान चिन्ह र आश्चर्यकर्महरु र चमत्कारहरु जुन तपाईले देखाउनुभयो। र कसरी म त्यहाँ उभिएँ, र घर जान्छु र तिनीहरुलाई प्रचार गरिसकेपछि रुन्छु, र यसले मलाई के भलो गर्यो र? र त्यसपछि मैले केहि त्यस्तो छि तपाईको अगाडि प्रस्तूत गर्नुपर्छ, एउटा दुलही हो रूपमा?”

206 र जसै म त्यहाँ उभिएको थिए, हेर्दै, उनी त्यहाँबाट गईन्। र तपाईले उनको पछाडिको भाग कल्पना गर्नसक्नुहुन्छ, केहि पनि नलाएको अवस्थामा थियो, उनी झीलिमिली हुँदै जाँदै *यसलाई* आफ्नो अगाडि समात्दै, त्यसरी, यो घुमाउमा, उनको हातखुट्टा त्यसरी फाल्दै। र, उनी, ओ, यो अश्लील थियो, कसरी उनले जारी राख्दै थिईन्, उनको शरीर वरपर त्यसरी काप्दै थियो। अब म...

207 तपाई भन्नुहुन्छ, “यसको अर्थ के हो, भाई ब्रन्हाम?” मलाई थाहा छैन। म केवल मैले के देखे त्यो तपाईले भनिरहेको छु।

208 र जब उनी त्यसरी गईन्, मैले उनलाई हेरे। ओ, म वास्तवमै बेहोस भए। म केवल चारैतिर फर्किए। मैले सोचे, “परमेश्वर, म दोषी छु। त्यहाँ—त्यहाँ यसै पनि मैले कोशिष गर्नपर्ने केहि पनि छैन। केवल म पनि त्याग्न सक्छु।”

209 श्रीमती. कार्ल विलियम्स, यदि तपाई यहाँ बसिरहनुभएको छ भने, र त्यो सपना जुनको बारेमा तपाईले मलाई भन्नुभएको थियो, केहि समय अगाडि, जुन तपाईले अर्को रात देख्नुभएको थियो, जसले तपाईलाई विचल्लित परेको थियो, त्यो यहाँ छ। स्टेयरिंग व्हिल मबाट खोसिएको छ।

210 तब, मैले केवल सोचे, “म—मैले पनि केवल यो बिर्सन सक्छु।” म गएको थिएँ।

211 त्यसपछि, अचानक, मैले यो फेरी आईरहेको देखे। र *यतातिर* आउँदा उही दुलही आउँछिन् जो *यो* बाटो गएकी थिईन्। यहाँ फेरी ती सानी केटिहरु आए, र ती मध्ये हरेक तिनीहरुको आफ्नो राष्ट्रिय पोशाक लगाएका थिए जहाँबाट तिनीहरु आएका थिए, जस्तो कि स्विटजरल्याण्ड, जर्मनी, र आदि, हरेकले त्यस प्रकारको पोशाक लाएका थिए, सबैजना लामो केशमा, ठिक उस्तै नै जस्तो पहिलोमा थियो। र यहाँ तिनीहरु आएरहेका थिए, हिड्दै। “अगाडि, इसाई सिपाहिहरु, युद्धको लागि मार्च गरेको जस्तै।” र जब तिनीहरु सबै पूर्वदृष्यको स्थानबाट पार गर्दै गए जहाँ म उभिरहेको थिएँ, एक्कासी, हरेक आँखा त्यो बाटो गयो। र तिनीहरु पछाडि फर्किए, र तिनीहरु अगाडि, मार्च गर्दै बढे।

212 र जसरी तिनीहरु सिधा आकाशमा जान थाले, यो अर्को एउटा पहाडको छेउमा गयो र तल गयो, *त्यसरी।*

213 त्यो ठिक माथि आकाशसम्म मार्च गर्दै अघि बढ्न थाल्यो। र जब तिनीहरु मार्च गर्दै अगाडि जान थाले, मैले एक जोडि साना केटिहरु पछाडि पट्टि याद गरे, यस्तो देखिन्थ्यो कि तिनीहरु कुनै विदेशी केटिहरु थियो, जस्तो कि स्वेडन वा स्विटजरल्याण्ड, वा कतै। तिनीहरुले चारैतिर हेर्न शुरू गरे, र पाए...मैले भने, “त्यसो नगर! त्यो कदमबाट बाहिर ननिस्क!” र जसै म त्यसरी कराए, म आए, दर्शनमा, त्यहाँ मेरो हात *त्यसरी* राखेको अवस्थामा उभिरहेको थिए। मैले सोचे, “ठिक छ...”

214 त्यहि कारणले मसंग भएको कुरा मैले भनेको हुँ, आजराति। म तपाईलाई एउटा प्रश्न सोध्न चाहन्छु। के यो हामी सोचेको भन्दा पनि ढिलो भईसकेको छ? के उनी पहिले नै बोलाईएकी र चुनिएकी, र छाप लगाईएकी छिन्? त्यहाँ एउटा थप एउटा हुनसक्दैन, तपाईलाई थाहा छ। के यो सम्भव छ? ओ, हो। ओ, हो।

215 मैले के भने याद गर्नुहोस्, अर्को दिन बिहानको खाजामा। प्नजननको पुरुष र महिलाको परागमा, त्यहाँ लाखौ किटाणुहरु गएको हुन्छ, लाखौ अण्डाहरु जान्छ। तर त्यहाँ ती मध्ये केवल एउटा मात्रै जिउँदछ, र, अभैपनि, तिनीहरु सबैजना समान छन्: दस लाख बाट एउटा। ती मध्ये हरेक, उही अण्डा र उही खालको किटाणु हो। ती मध्ये एउटा बाँच्छ। बाकि सबै मर्छन्।

216 कुन चाहि एउटा पाकेको अण्डा हो भनि कसैले भन्न सक्दैन, र, ओ, यसको बारेमा के हो। चाहे त्यो एउटा केटा वा केटि, सुनहरा वा कालो केश सहित को गोरो, वा यो जे पनि हुन जानेछ त्यो परमेश्वरले निर्णय गर्नुपर्दछ। परमेश्वरले त्यो निर्णय गर्नुहुन्छ। पहिलोले भेट्ने होइन, तर पहिलो त्यो जसलाई परमेश्वरले निर्णय गर्नुहुन्छ। हुनसक्छ एउटा *यहाँ* आउँछ, र अर्को...यदि तपाईले कहिल्यै ध्यान दिनुभएको छ भने, टेस्ट ट्युबमा, तिनीहरुलाई संगै आईरहेको हेर्न। मैले यो हेरेको छु। परमेश्वरले त्यो निर्णय गर्नुपर्दछ। एउटा, ती मध्ये सबैजना, उस्तै नै छ, तर चुनावद्वारा हुँदछ। प्राकृतिक जन्म चुनावबाट हो। परमेश्वरले दस लाखबाट एउटालाई लिनुहुन्छ।

217 जब इस्राएलले मिश्र छोडे, प्रतिज्ञाको देशको बाटोमा, तिनीहरु लगभग बिस लाख मानिसहरु थिए। तिनीहरु मध्ये प्रत्येक एउटै बलिदानको थूमा मुनि थिए, नत्र तिनीहरु बाँच्ने थिएनन्। ती मध्ये प्रत्येकले मोशा, अगमवक्तालाई सुने। ती मध्ये हरेक लाल समुन्द्रमा, उनमा बप्तिष्मा भएका थिए। तिनीहरु मध्ये प्रत्येक नाचे, मरियमसंगका महिलाहरु, माथि–र–तल समुन्द्रको किनारको छेउमा (जब), जब परमेश्वरले शत्रुलाई नष्ट गर्नुभयो। तिनीहरु सबै मोशासंग खडा भए, र उनलाई आत्मामा गाईरहेको सुने। तिनीहरु, प्रत्येकले, उजाडस्थानको मन्न खाए, जुन स्वर्गबाट तल खसेको थियो। नयाँ मन्न, हरेक रात, जुन सन्देशको एउटा चित्रण थियो, ती सबैले त्यसबाट खाए। तर, दुई लाख मध्येबाट, कतिजना सफल भए? दुई। दस लाखबाट एकजना।

218 त्यहाँ लगभग पाँच सय मिलियन इसाईहरु संसारमा छन् आज राति, क्याथोलिक र सबैलाई गनेर। संसारमा पाँच सय मिलियन तथाकथिक विश्वासीहरु छन्। यदि आज राति र्याप्चर आयो भने, त्यसको अर्थ हो... यदि दस लाखमा एकको गणना थियो भने। म यो भन्दिन कि यहि हो। तर यदि यो थियो भने, पाँच सय मानिस, आउदो चौबिस घण्टामा, हराईरहेको हुनेछ। यहाँसम्म कि तपाईले यसको बारेमा कहिल्यै सुन्नु पनि हुनेछैन। त्यहाँ त्यति धेरै हराईरहेका हुनेछन्, जसरी पनि, हिसाबसम्म गर्न सकिदैन।

219 तब यो हुन सक्छ, हामीलाई हुनसक्छ, मित्र, जस्तो यो भएको थियो जब बप्तिष्मा दिने यूहन्ना आउदा भयो। चेलाहरुले समेत भने, "किन धर्मशास्त्रले भन्छ, किन—प्रेरित वा अगमवक्ताहरुले भन्छन्, किन यसले एलिया पहिले आएर सबै कुराहरु पुनर्स्थापित गर्नुपर्छ भनि भन्छ?"

220 उहाँले भन्नुभयो, "म तिमीलाई भन्छु कि एलिया आईसकेका छन्, र तिमीले थाहा पाएनौ।"

221 यी मध्ये एक दिन हामी यहाँ बसिरहेको अवस्थामा छोडिने छौ, "महासंकष्ट शुरू हुन भन्दा अगाडिको र्याप्चरको बारेमा के छ?"

"यो आईसकेको छ र तपाईले यो थाहा पाउनुभएन।"

222 सबै शरीर, छाप लगाईयो, बस यसलाई चरणमा राख्दै। त्यो त्यो तरिकामा हो भनेर भनिरहेको छैन। म आशा गर्छु कि यो त्यो तरिकामा छैन। तर, मित्र, जब यसले दिन्छ...

223 यदि हामीसंग हाम्रो हृदयमा महसूस गर्यौ भने, आजराति, कि हामीले हाम्रो जीवन सिधा गर्नुपर्छ, र हामीले गरेका कुराहरु, तपाईलाई म सुझाव दिन चाहन्छु, एउटा सेवक भाईको रूपमा। म यो पहिलो पटक भन्न जाँदैछु, पुल्पिटबाट। म आजराति धेरै फैलिएको छु, *यसमा,* अरु कुनै कुरामा भन्दा, कुनै समयमा, जसरी पनि, सर्वसाधारणको अगाडि, किनभने यी सभाहरुमा मैले ठूलो स्वतन्त्रता पाएको छु। यदि तपाईले म परमेश्वरको अगमवक्ता हुँ भनि विश्वास गर्नुहुन्छ भने, तपाईलाई मैले के भनेको छु त्यो सुन्नुहोस्। यदि त्यहाँ तपाईको हृदयमा एउटा सानो झिल्काको भावना छ भने, तपाई ठिक अहिले परमेश्वरकहाँ जानुहोस्। तपाई यो गर्नुहोस्।

224 एक मिनेट रोक्नुहोस्, पुरुषहरु। तपाईको—तपाईको सिद्धान्तलाई हेर्नुहोस् जसको सेवा तपाई गर्नुहुन्छ। तपाईको मण्डलीहरुमा हेर्नुहोस्। के यो ठिक परमेश्वरको वचन अनुरुप छ? के तपाईले सबै योग्यता पूरा गर्नुभएको

छ? भन्नुहुन्छ, “म राम्रो मान्छे हुँ।” निकोदेमस पनि त थियो, र त्यसरी नै बाकि सबै पनि थिए। तिनीहरु—तिनीहरु राम्रा थिए। बुझ्नुभयो? त्यसको यससंग कुनै सरोकार नै छैन।

225 र, महिलाहरु, म तपाईले ऐनामा हेरेको चाहन्छु, र परमेश्वरले एउटा महिलाले के गरेको चाहनुहुन्छ त्यो हेर्नुहोस्। र परमेश्वरको ऐनामा हेर्नुहोस्, अहिले तपाईको मण्डलीको ऐनामा होइन, परमेश्वरको ऐनामा; र हेर्नुहोस्, तपाईको जीवनमा, येशू ख्रीष्टको दुलही बन्ने योग्यता छ या छैन।

226 सेवकहरु, यहि नै सोच्नुहोस्। के तपाईले *यहाँ* कुनाहरु काट्नुहुन्छ, पारी त्यहाँ कसैको भावनाहरु बचाउनक लागि? के तपाईले *यो* गर्नुहुन्थ्यो यदि यो थिएन भने...र तिनीहरुले तपाईलाई मण्डलीबाट बाहिर राख्ने थिए? यदि तपाईले त्यो तरिकामा महसूस गर्दै हुनुहुन्छ भने, मेरो प्रिय भाई, म तपाईलाई चेतावनी दिन्छु, येशू ख्रीष्टको नाममा, त्यसबाट ठिक अहिले भाग्नुहोस्।

227 र, महिला, यदि तपाईले इसाईको योग्यतामा मापन गर्न सक्नुहुन्न भने, एउटा नाम मात्रको इसाईको रूपमा होइन, तर तपाईको हृदयमा, र तपाईको जीवन ठिक परमेश्वरको विवाहको प्रमाण पत्रको ढाँचामा छ भने, यहाँ, भन्छ यो यस्तो हुनुपर्छ...

228 र, मण्डलीका सदस्यहरु, यदि तपाईको मण्डली त्यस्तो छैन भने, उहाँको वचनको परमेश्वरको योग्यतामा मापन गर्न सक्दैन भने, त्यसबाट बाहिर निस्किनुहोस् र ख्रीष्ट भित्र पस्नुहोस्।

229 त्यो गम्भीर चेतावनी हो। हामीलाई थाहा छैन कुन समय, र तपाईलाई थाहा छैन कुन समय, कि यो शहर एकदिन सागरको फेदमा बस्न जानेछ।

230 “ओ, कपर्नहुम,” येशूले भन्नुभयो, “त जो स्वर्गमा उचालिएको थिईस्, तल नरक ल्याईनेछ। किनकि, यदि सोदोम र गमोरामा शक्तिशाली कामहरु भएको भए, त्यो आजसम्म खडा हुनेथियो।” र सोदोम, गमोरा मृत सागरको फेदमा छ। र कपर्नहुम समुन्द्रको मुनि छ।

231 तिमी शहर, जो स्वर्गदूतहरुको शहर भनि दावी गर्दछ, जसले आफैलाई स्वर्गमा उचालेको छ, र फेसन र त्यस्ता चिजहरुको, सबै फोहोरी, घिनलाग्दा कुराहरु पठायो, यहाँसम्म कि विदेशी देशहरु पनि हाम्रा फोहोरहरु तिप्नायाहा आए र यसलाई टाढा पठाए, तपाईको राम्रा मण्डलीहरु र स्तम्भहरुमा, र त्यस्तै अन्य, जुन तरिकामा तैले गर्दछस्।

याद गर्, एकदिन तँ समुन्द्रको मुनि लेटिरहेको हुनेछस्, तेरो महान महको छाल तेरो मुनि छ अहिले। परमेश्वरको क्रोध तेरो मुनि दबिरहेको छ। कहिले सम्म उहाँले यसलाई बलुवाको पर्खाललाई थामिराख्नुहुनेछ? जब, पारीको सागर, एक मिल गहिरो, त्यहाँ चिप्लिनेछ, साल्टोन समुन्द्रमा फर्कन्छ। त्यो पोम्पेईको अन्तिम दिन भन्दा खराब हुनेछ। पश्चाताप गर्, लस एन्जलस।

232 पश्चाताप गर्नुहोस्, बाकि रहेका तपाईहरु, परमेश्वरमा फर्कनुहोस्। उहाँको क्रोधको घडी पृथ्वीमा आएको छ। भाग्ने समय हुँदा भाग, र ख्रीष्टमा आउँ।

आउनुहोस् हामी प्रार्थना गरौ।

233 प्रिय परमेश्वर, जब, मेरो आत्मामा, मेरो हृदयले चेतावनीको आशुको थोपाहरु झारिरहेको छ। प्नदान गर्नुहोस्, ओ परमेश्वर, कि पुरुष र महिलाहरुले भर्खरै मैले भनेका कुराहरु ठट्टाको रूपमा सोच्नेछैनन्, र मण्डलीका मानिसहरुले यो कुनै पूर्वाग्रही कुरा वा तिनीहरुको विरुद्धको भनि सोच्नेछैनन्। तिनीहरुले देख्न सकेका होउन्, प्रभु, यो प्रेममा हो।

234 तपाईले मेरो साक्षी राख्नुहुन्छ, सर्वशक्तिमान परमेश्वर, कि माथि–र–तल यस तटमा म गएको छु, बर्षै पिच्छे, तपाईको वचनको घोषणा गर्दै। मेरो साक्षी राख्नुहोस्, ओ परमेश्वर, यदि आज राति यो हुन्छ भने, मैले सत्य भनिदिएको छु। दुलहीको यो दर्शन सत्य हो भनि तपाई जान्नुहुन्छ। मैले यसमा तपाईको नाम लिएको छु, प्रभु, र भनेको छु कि यो परमप्रभु यसो भन्नुहुन्छ हो। र म के गर्दछु भन्ने कुरामा, महसूस गर्छु कि म सचेत छु, प्रभु।

235 त्यसैले म तपाईलाई प्रार्थना गर्छु, येशूको नाममा, मानिसहरुले आफैलाई हल्लाउन्, आजराति, र आउन लागेको क्रोधबाट भागून्, किनकि इकाबोद ढोकाहरुमा र राष्ट्रहरुमा लेखिएको छ। एउटा कालो चेक मार्क यसमा आएको छ। परमेश्वरको आत्मा यसबाट दुखी हुनुभएको छ, र तिनीहरु तराजुमा जोखिएका छन् र अभावमा भेटिएको छ। राजा नाबुकदनेसरको भोज फेरी दोहोरिएको छ, ती मातिएको भोजहरु र आधा पोशाक लगाएका महिलाहरु, जसले आफैलाई इसाई भनिरहेका छन्।

236 ओ स्वर्गका परमेश्वर, पापी संसार र पापी मानिसहरु प्रभु दयावान हुनुहोस्, प्रभु, जस्तो आज राति हामी छौ। परमेश्वर, म मध्यस्तमा खडा भएर दिव्य दया माग्ने कोशिष गर्दैछु, कि तपाई आजराति यो भिडमा

बोल्नुहुनेछ र तपाईको दुलहीलाई ध्यान गर्नको निम्ति बोलाउनुहुनेछ, प्रभु, सिद्धान्तको चिन्हबाट भएर नहिड्नको लागि, तर प्रभु येशू ख्रीष्टको सुसमाचारको आवाजद्वारा। यसलाई प्रदान गर्नुहोस्, ओ परमेश्वर। यो थाहा दिनुहोस्, यस रातमा, कि तपाई परमेश्वर हुनुहुन्छ, र तपाईको वचन सत्य हो। जबकी, पूर्णपूमा, यस मानिसहरुको सामुन्ने, हामी तिनीहरुलाई तपाईको वचनको ध्यानमा बोलाउदछौ।

237 येशू ख्रीष्टको नाममा, म तिनीहरुको निम्ति प्रार्थना गर्दछु, प्रभु। तिनीहरुले तपाईलाई देखेका छन्, कुनै संका बिना नै, तिनीहरुको भिडबाट चल्नुहोस् र तिनीहरुको हृदयमा के छ बताईदिनुहोस्। र तपाई जान्नुहुन्छ, प्रभु, कि, ठिक अहिले, के भईरहेको छ। त्यो सत्य हो भन्ने कुरा तपाई जान्नुहुन्छ, ओ परमेश्वर। र तपाईलाई प्रार्थना गर्दछु, येशूको नाममा, फेरी पनि पवित्र आत्मालाई मध्यस्थता हुन दिनुहोस्, प्रभु, र यस श्रोताबाट तान्नुहोस्, प्रभु, जो थूमाको पुस्तकमा लेखिएका छन्। यसलाई प्रदान गर्नुहोस्, प्रभु। म मेरो सम्पूर्ण हृदयले प्रार्थना गर्दछु।

238 यी मानिसहरु, स्वाभाविक रूपमा, प्रभु, तिनीहरुसंग भएको अन्तिम पैसा दिन्छन, मेरो सन्देशलाई समर्थन गर्नको निम्ति। तिनीहरुले गर्न सक्ने जे पनि तिनीहरुले गर्छन्। तर, ओ, परमेश्वर, जब यो यसमा सामना गर्ने कुरामा आउँछ, र यसमा आउनुको बारेमा हुन्छ, म प्रार्थना गर्छु, परमेश्वर, कि यो त्यो रात हुनेछ जुनमा तपाईले तिनीहरुलाई इनाम दिनुहुनेछ र यस सम्मेलनमा तपाईको पवित्र आत्मा खन्याउनुहुनेछ। र त्यहाँ रमाइलो गर्ने वा उफ्रिने नहोस, तर रुने र कराउने हो, र पश्चताप होस्, वेदीको सिङहरु समात्दै, जबकी न्याय हाम्रो तल देख्दै छौ, आजराति। यसलाई प्रदान गर्नुहोस्, परमेश्वर। मैले जाने अनुसार इमानदारी पूर्वकमा प्रार्थना गर्दछु, येशू ख्रीष्टको नाममा।

239 मेरो भाई, बहिनी, म—म जान्दिन यहाँ भन्दा बढि के भन्ने भनि, यदि मैले तपाईको नजरमा अनुग्रह पाए भने, परमेश्वरको शक्तिद्वारा, यदि तपाईले म उहाँको अगमवक्ता हुँ भनि विश्वास गर्नुहुन्छ भने। यो मैले सार्वजनिक स्थानमा भनेको पहिलो पटक हो। तर कुनै तरिकाको अनौठो चेतवानी म महसूस गर्छु। म यसको उन्मुख छैन। म छैन भन्ने कुरा तपाईलाई थाहा छ। म यस्तो व्यवहार गर्दिन। म त्यो सन्देश बोल्न र ती कुराहरु भन्न हिचकिचाए। म छेउतर्फी भाग्छु र सबैकुरा गर्छु, यो गर्नबाट रोक्नको लागि। तर यो भनिएको

छ, र यो न्यायको दिनमा उभिनेछ, मैले सत्य भनेको छु भन्ने एउटा साक्षीको रूपमा। त्यो परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ हो!...?...

240 ओ, पेन्टिकोष्ट, आफ्नो जीवनको लागि भाग। यो धेरै ढिलो हुन भन्दा अगाडि नै, वेदीको सिङ तर्फ भाग र कराउ, किनभने त्यस घडी आउनेछ जब तपाई कराउन सक्नुहुनेछ र यसले कुनै भलो गर्नेछैन। किनकि एसावले, आफ्नो जन्म अधिकारको ठाउँ खोज्न खोजे, र यो पाउन सकेनन्। म तपाईलाई प्रतिबद्ध गर्छु, ओ, क्यालिफोर्निया। ओ, फुल गोस्पल बिजनेसम्यानको सम्मेलन, जसलाई म प्रेम गर्छु, जसलाई मैले छाडेको छु र मेरो सारा हृदयले, म तपाईलाई येशू ख्रीष्टमा सुम्पन्छु, आज राति। उहाँमा भाग्नुहोस्! शैतानले तपाईलाई यसबाट सेलाउन कहिल्यै नदिनुहोस्। ठिक यसैसंग रहनुहोस् जबसम्म तपाई, सबैजना, पवित्र आत्मा भरिनुहुन्न, यतिसम्म, कि यसले तपाईलाई वचनमा आउने बनाउनेछ, त्यसले तपाई महिलाहरुलाई सिधा बनाउनेछ, कि तपाई पुरुषहरुलाई सिधा बनाउनेछ। यदि तपाई भन्नुहुन्छ कि तपाईले पवित्र आत्मा पाउनुभएको छ, र वचनसंग सहन गर्नुहुन्न, यो तपाई भित्र अर्को आत्मा हो। परमेश्वरको आत्मा उहाँको वचनमा छ, मसिही, अभिषिक्त वचन। दुलही एक मसिही हुनुपर्छ, अभिषिक्त वचन।

241 आउनुहोस् हामी हाम्रा खुट्टामा उभिऔ, प्रभु येशू ख्रीष्टको नाउँमा। यदि तपाईले मेरो आवाज फेरी कहिल्यै सुन्नुभएन भने...तर, परमेश्वरको इच्छा भए, म अफ्रिकामा जाँदैछु, केहि घण्टामा नै। म फेरी कहिल्यै नफर्किउला। मलाई थाहा छैन। तर म तपाईलाई भन्छु, मेरो सम्पूर्ण हृदयले, मैले तपाईलाई सत्यता भनेको छु। परमेश्वरले मलाई भन्नुभएको सबैकुरा तपाईलाई भन्नबाट म चुकेको छैन। र मैले यो प्रभुको नाममा भनेको छु।

242 यो एक गम्भीर क्षण हो। मलाई थाहा छैन यो कसरी व्यक्त गर्ने। मैले पुल्पिट तिन वा चार पटक छोड्ने प्रयास गरे, र मैले यो गर्न सक्दिन। यो एउटा गम्भीर घडी हो। तपाईले यो कहिल्यै नभुल्नुहोस्। यो त्यो समय हो, शायद, परमेश्वरले आफ्नो अन्तिम आह्वान गर्दै हुनुहुन्छ। मलाई थाहा छैन। उहाँले आफ्नो अन्तिम आह्वान गर्नुहुनेछ, कुनै दिन। कहिले? मलाई थाहा छैन। तर म तपाईलाई भन्दैछु, त्यो दर्शन अनुसार, यो यस्तो देखिन्छ कि दुलही करीब पूर्ण हुनलागेको छ।

243 नामको मात्रै मण्डलीहरु भित्र आईरहेको हेर्नुहोस्। जब सुतिरहेका कन्याहरु तेलको निम्ति आउँदछन्, उसले त्यो पाउन असफल भईन्। दुलही भित्र गईन्। र्याप्चर माथि गयो। “जब तिनीहरु तेल किन्न गए, दुलहा आए।”

244 के तपाई निद्रामा हुनुहुन्छ? जाग्नुहोस्, छिटो, र आफैमा आउनुहोस्। र आउनुहोस् हामी प्रार्थना गरौ, प्रत्येक, जस्तो कि हामीहरु यो मिनेटमा मर्दैछौ, प्रभुको नाउँमा। आउनुहोस्, हरेक, तपाईको आफ्नै तरिकामा प्रार्थना गर्नुहोस्।

245 सर्वशक्तिमान परमेश्वर, हामीमा दया गर्नुहोस्। प्रभु, ममाथि दया गर्नुहोस्। हामी सबैमा दया गर्नुहोस्। यसले के भलो गर्छ, चाहे हामीले जे पनि गरौ, यदि हामी यी कुराहरुमा असफल हुन्छौ भने? म खडा भई दयाको निम्ति माग्दछु, ओ परमेश्वर, यो महान शहर समुन्द्र मुनि डुब्नु भन्दा अघि र यो तटमा परमेश्वरको न्यायले प्रहार गर्नभन्दा अघि। म प्रार्थना गर्छु, परमेश्वर, कि तपाईले आफ्नी दुलहीलाई बोलाउनुहुनेछ। म तिनीहरुलाई तपाईमा सुम्पन्छु, येशू ख्रीष्टको नाममा। आमेन। आमेन...?...मैले सत्य भनेको...?...

***एक दुलहीको चुनाव*** NEP65-0429E

(The Choosing Of A Bride)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा बिहिबार साँझ, एप्रिल २९, १९६५, फुल गोस्पल बिजनेसमेन्स फेलोशिल अन्तराष्ट्रिय सम्मेलनको लागि बाल्टिमोर होटेल लस एन्जलस, क्यालिफोर्निया, यु.एस.ए., मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट-छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2022 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:



Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org